# मोलुड ज्ञानप्रवाह

MF

# मोलुङ ज्ञानप्रवाह

(शिक्षाप्रधान मासिक)
पूर्णाङ्क ४, २०७८ पुस (२०२२ डिसेम्बर- जनवरी)

प्रधान सम्पादक : प्रा.डा. भूपप्रसाद धमला
प्रबन्ध सम्पादक : राजु काफ्ले
कार्यकारी सम्पादक : डा. ढुण्डिराज पहाडी
सम्पादक : खेमराज पोखरेल, डा. धनप्रसाद सुवेदी, इन्द्रप्रसाद अधिकारी, नारायणप्रसाद होमगाई, सुरेश हाचेकाली, शारदा बोगटी, इन्दु अंशु, जुनु उप्रेती
अतिथि सम्पादक : धीरकुमार श्रेष्ठ, विनोद दाहाल, चेतनाथ धमला

**विषय/विधागत सल्लाहकार :**

प्रा.डा. माधवप्रसाद पोखरेल (भाषा), प्रा.डा. गोविन्दराज भट्टराई (पाश्चात्य साहित्य), प्रा.डा. कुमारप्रसाद कोइराला (पूर्वीय साहित्य), डा. रमेश पोखरेल (कला), प्रा.डा. वीणा पौड्याल ( कला-संस्कृति), डा. लाल श्याकारेलु रापचा (भाषा(संस्कृति), प्रा.डा. दीपक अर्याल (विज्ञान), प्रा.डा. प्रेमसागर चापागाई ( समाज), प्रा.डा. बालचन्द्र लुइँटेल (शिक्षा), जीवनाथ धमला ( सञ्चार)

**संस्थागत सल्लाहकार :**

प्रा.डा. ध्रुव घिमिरे (अध्यक्ष, बालसाहित्य समाज नेपाल), प्रा.डा. राजनप्रसाद पोखरेल (अध्यक्ष, सिर्जनशील लेखन समाज), कृष्ण बजगाई (अध्यक्ष, समकालीन साहित्य प्रतिष्ठान, बेलायत), धर्मानन्द गौतम (अध्यक्ष, अनेसास अस्टिन च्याप्टर, अमेरिका), शारदा पौडेल 'निशा' (अध्यक्ष, अनेसास स्पेन च्याप्टर)

नाम : मोलुङ ज्ञानप्रवाह
किसिम : शिक्षाप्रधान मासिक
दर्ता : काजिप्रका ४९२
प्रकाशक : मोलुङ फाउन्डेसन
मुद्रक : डीडीएम प्रिन्टर्स
चित्राङ्कन : राजेश मानन्धर
कम्प्युटर लेआउट : राजकुमार अधिकारी
सञ्चार संयोजन : सविन धमला
सर्वाधिकार : प्रकाशकमा
मूल्य : रु १०० (एकसय)

## सम्पर्क ठेगाना

मोलुङ फाउन्डेसन
कोटेश्वर, काठमाडौँ
फोन: ०१४६००५९१

इमेल: molungfoundation@gmail .com

वेबसाइट: www .molung .org .np

## मोफसल सम्पर्क

वेदीकुमार राई (खोटाङ), कुलप्रसाद खतिवडा (ओखलढुङ्गा), अनिरुद्र सुवेदी (रामेछाप), नरेश पहाडी (सिन्धुली), उज्जन काफ्ले (मकवानपुर), दिनेश पन्थी (रूपन्देही), रामप्रसाद चौधरी (कैलाली)

# लेखन निर्देशिका

मोलुङ ज्ञानप्रवाह भाषा, साहित्य, कला, संस्कृति, विज्ञान, सामाजिक शास्त्र लगायत जीवन र जगत्का विषय र विधामा लेखिएका सिर्जनात्मक तथा अनुसन्धानमूलक लेखरचनाहरू प्रकाशन गर्ने शिक्षाप्रधान मासिक पत्रिका हो । यस पत्रिकामा प्रकाशनार्थ लेख रचना पठाउनु हुने महानुभावहरूले देहायको लेखन निर्देशिका अनुसरण गर्नु हुन हार्दिक अनुरोध गर्दछौँ ।

१. नेपाल राज्यको भौगोलिक अखण्डता, राष्ट्रिय अक्षुणता, धार्मिक सहिष्णुता, सांस्कृतिक मर्यादा, र सामाजिक सद्भाव खल्बलिने खालको कुनै लेख रचना प्रकाशन गरिने छैन ।
२. कुनै राजनीतिक दल विशेषको वा अमुक नेताको प्रशंसा वा निन्दा गरिएको लेख रचना प्रकाशन गरिने छैन ।
३. प्रकाशित लेख रचनामा अभिव्यक्त भएका विचारहरू लेखक/सर्जकका निजी अनुसन्धान वा विचारमा आधारित छन् । तिनले कुनै नकारात्मक विवाद आएमा प्रकाशक वा सम्पादक मण्डल जिम्मेवार हुने छैन ।
४. यसअघि कहीँ कतै प्रकाशन नभएको वा प्रकाशनका लागि नपठाएको वा फेसबुक, ट्विटर, इन्स्टाग्राम लगायत सामाजिक सन्जालका कुनै पनि माध्यममा सार्वजनिक नभएको मौलिक लेख रचना हुनुपर्ने छ ।
५. लेखनको माध्यम भाषा नेपाली वा अङ्ग्रेजी हुनुपर्ने छ ।
६. लेख रचनाहरू नेपालीमा युकोड वा प्रीति फन्टमा र अङ्ग्रेजीमा बुकम्यान ओल्ड स्टाइल वा टाइम्स न्यु रोमन फन्टमा टाइप गरी विद्युतीय माध्यमबाट पठाउनु पर्नेछ ।
७. लेखकले लेख रचनाका साथ पासपोर्ट साइजको तस्बिर र आफना प्रमुख कृतिको सूचीसहित संक्षिप्त लेखक परिचय पठाउनु पर्नेछ ।

८. तोकिएको मितिभित्र प्राप्त नभएका लेख रचनाहरू त्यही महिनाको अङ्कमा प्रकाशन नगरी अर्को अङ्कका लागि सुरक्षित राखिनेछ ।

९. पठाइएको लेख रचना स्वीकृत वा अस्वीकृत वा आवश्यक संशोधन हुन सक्ने छ । संशोधनको पूर्व जानकारी लेखकलाई दिइने छ ।

१०. लेखनका विषयक्षेत्रहरू मुख्यतः देहाय बमोजिम हुनेछन् :

**(क) भाषा** : लोपोन्मुख भाषा लगायत राष्ट्रिय/अन्तरराष्ट्रिय भाषाको वैज्ञानिक अध्ययन अनुसन्धान

**(ख) साहित्य** : कथा/लघुकथा, कविता, मुक्तक, गजल, गीत, निबन्ध, समालोचना, पुस्तक समीक्षा, यात्रा संस्मरण, आत्मकथा, जीवनी, एकाङ्की नाटक , डायस्पोरा (प्रवास अनुभूति) इत्यादि ।

**(ग) कला** : गीत, सङ्गीत, वाद्यवादन, चित्रकारिता, ललितकला, प्रस्तरकला, वास्तुकला इत्यादि ।

**(घ) संस्कृति** : लोकसंस्कृति, सांस्कृतिक सम्पदा, पर्यटन, इत्यादि ।

**(ङ) विज्ञान तथा प्रविधि** : जलवायु परिवर्तन, प्राकृतिक प्रकोप, पर्यावरण इत्यादि ।

**(च) विविध** : सुशासन, विकास, समृद्धिलगायत आर्थिक, सामाजिक क्षेत्रका समसामयिक सवाल ।

# हाम्रो दृष्टिकोण

ज्ञान निर्माणको कुरा जन्मदेखि मृत्युसम्म चलिरहने प्रक्रिया हो । आमाको काखदेखि नै मातृभाषाका माध्यमबाट बालकले मानिस, ठाउँ, र वस्तुको बारेमा अवधारणा बनाउँछ र मस्तिष्कको विकासक्रमसँगै ज्ञानभण्डार बिस्तार गर्दै जान्छ । यसरी अनौपचारिक रूपमा शिक्षाको विस्तार भइरहेकै हुन्छ । प्राचीन कालमा चलेको गुरुकुल शिक्षा पद्धतिमा पनि गुरुले तोकेको स्थानमा गइ शिष्यले ज्ञान प्राप्त गर्दथे । पूर्वीय वाङ्मयमा अङ्कित अपार ज्ञान आजसम्म पनि प्रभावकारी बनिरहनु त्यसको दृष्टान्त हो ।

शिक्षण संस्थाले प्रदान गर्ने औपचारिक शिक्षा महत्त्वपूर्ण छँदैछ । तर यो औपचारिक शिक्षा निर्धारित पाठ्यक्रममा आधारित रहेर कक्षा कोठामा शिक्षकाले विद्यार्थीलाई सिकाउने, परीक्षा लिने र उत्तीर्ण भए पछि उपाधि लिने दिने कुरामा मात्र सीमित भयो भने आजको बदलिँदो विश्व परिस्थितिमा हामी प्रतिस्पर्धा गर्न सक्दैनौ । हाम्रो देशका कतिपय गाउँमा शिक्षालाई यसैमा सीमित गरिएको आभास हुन्छ । यो गम्भीर कुरा हो । ग्रामीण भेगका विद्यार्थीहरू यस्तो खाले शिक्षामा सीमित भए भने उनीहरूको भविष्य कस्तो हुने होला अनुमान मात्र गर्न सकिन्छ ।

त्यो अभाव पूर्ति गर्न पत्रपत्रिकाका माध्यमबाट ज्ञान प्रसारण गर्ने अनौपचारिक शिक्षाको टड्कारो खाँचो महसुस भएको छ । ज्ञानको विशाल सागरमा मोलुङ ज्ञानप्रवाहले गर्न सक्ने योगदान समुद्रको एक थोपा पानी समान पनि हुन सक्ला । तर ज्ञानभण्डारको विशाल भवन निर्माणका लागि यो एउटा इँटा मात्र भयो भने पनि महत्त्वपूर्ण योगदान नै हुन सक्ला भन्ने अपेक्षा लिएका छौँ ।

# लेखन सूचीक्रम


| शीर्षक | लेखक/रचनाकार | पृष्ठ |
|---|---|---|
| **कविता** | | |
| चटचाङ नपरे हुन्थ्यो | ललिता दोषी | ८ |
| केही मुक्तक | तीर्थराज अधिकारी | १० |
| अर्थतन्त्रको रुखमा गुन्द्रुकको गुनासो | सोनाम सज्जन किराती | १२ |
| Metamorphosis | Indra Thapa | 16 |
| **कथा** | | |
| दुई दिदी बहिनी : फ्लोरा आनी स्टील (अनुवादक : प्रा.डा. भूपप्रसाद धमला तथा रोशनी धमला दाहाल | | १८ |
| म कमरेड शान्ति | प्रज्ञा पनेरु | २४ |
| **आलेख** | | |
| रक्षा कवच | इन्दु अंशु | ३० |
| प्रकोप: प्राकृतिक कि मानवीय | समीर आचार्य | ४० |
| मान्छेको मृत्यु | चिराग चैतन्य | ४७ |
| **अन्तरक्रिया** | | |
| नेपालमा बाल साहित्यको अवस्था | प्रा.डा. ध्रुव घिमिरे | ५० |
| **गतिविधि/समाचार** | मोलुङ फाउन्डेसन | ६५ |

*बालकविता*

# चटचाङ नपरे हुन्थ्यो



ललिता 'दोषी'

जून ओर्लन नपाउँदै
आकाशमा उही-उस्तै
पत्रपत्र परेका बादलहरू
खोइ । .. ?
कसरी पो नियालूँ र सान्नानी !
जूनका कान्तिमय किरणहरू ?

साँच्चै थाहा छैन
उषा आउँछे या आउन्न
बस्तीबस्तीहरूमा
म त सधैं
रात पोखिएको देख्छु
र निस्तब्ध आकाशलाई सोध्छु
तँ कहिले उघ्रिन्छस् हँ ?

अहँ, पटक्कै बौल्दैन आकाश
सायद,
ऊ रगत बमन गर्नुमै गर्व गर्छ
र गर्जन्छ
गडयाङगुडुङ-गडयाङगुडुङ
म भयातुर हुँदै सोच्छु
कठै ! हामी उभिएको सिङ्गो धरातलमा
अब त चटयाङ नपरे हुन्थ्यो !

मोलुङ ज्ञानप्रवाह लगायत मोलुङ फाउन्डेसनका अन्य प्रकाशन मार्फत बालबालिका, किशोर-किशोरी, युवा-युवती लगायत देश विदेशमा रहेका समग्र नेपालीलाई सिर्जनशील, सचेत, र जागरुक बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने कुरामा संस्थालाई पूर्ण सफलता मिलोस् । हार्दिक शुभकामना !

प्रधानध्यापक
तथा समस्त विद्यालय परिवार
त्रिभुवन मा.वि. ऐसेलुखर्क, खोटाङ

# केही मुक्तक



तीर्थराज अधिकारी
दुराडाँडा, लम्जुङ
हाल ओहायो, अमेरिका
संरक्षक सदस्य, अनेसास

सौम्य छ, धेरै नचाहिँदा कुरा काट्दैन
अरूको प्रगति देखेर र्‍याल चाट्दैन
तब न रचयिता भनेर चिनिन्छ ऊ
मनमा नानाथरीको लठारो बाट्दैन ।

❁ ❁

शकुनिको जस्तो पासा हुँदैन
चातकको जस्तो आशा हुँदैन
अनपढ छ उ तरपनि उसमा
भावना हुन्छ, भाषा हुँदैन ।

❁ ❁

अर्थलोलुपको हातमा चाबी गयो भने
नकारात्मक शक्ति हाबी रह्यो भने
यो देश महा कमजोर हुन जान्छ मित्र !
निर्णयकर्ता आफैं सराबी भयो भने ।

❁ ❁

आफै मिलुन् छिरलिएका तानामानाहरू
फेरिउन् जीवनका बान्की र बानाहरू
वर्षैभर समृद्ध समाज कायमै रहोस्
जोडिउन् सफलै सफलताका पानाहरू ।

कसैको लागि बडेमानको भारी पनि हो
निरंकुशतामाथि खबरदारी पनि हो
मात्र खुलापनको हतियार हैन साथी !
बुझ्नेलाई लोकतन्त्र जिम्मेवारी पनि हो ।

मोलुङ ज्ञानप्रवाह लगायत मोलुङ फाउन्डेसनका अन्य प्रकाशन मार्फत बालबालिका, किशोर-किशोरी, युवा-युवती लगायत देश विदेशमा रहेका समग्र नेपालीलाई सिर्जनशील, सचेत, र जागरुक बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने कुरामा संस्थालाई पूर्ण सफलता मिलोस् । हार्दिक शुभकामना !

क्याम्पस प्रमुख
तथा समस्त क्याम्पस परिवार
दिक्तेल बहुमुखी क्याम्पस दिक्तेल, खोटाङ

# अर्थतन्त्रको रुखमा गुन्द्रुकको गुनासो



सोनाम सज्जन किराँती

सबाल अर्थतन्त्रको छ
निर्वस्त्र छ
पालैपालो सिद्धान्तको नाउँमा
अनेकौँ समुद्र तार्ने सपना बाँडछन्
खोली, नदीहरूको बाँधमा झुन्ड्याएर अर्थशास्त्रीहरू

बहुमूल्य सपनाहरू फिका भैदिन्छन्
रङ्गहरूको रङ उडेपछि
मूल्यहरूको आयाम रेटिएपछि
पुँजीको आदर्श भाँचिदोरहेछ
र भासिँदै मेटिँदै जाँदोरहेछ
पुँजीवादको अग्लो पर्खाल
अनि ऊ त्यहीँबाट रोकिन्छ
रक्तसञ्चार बन्द भएको मानिस जस्तै
सपनाहरू हल्लिने झोलुङ्गा
त्यसरी नै फाट्दो रहेछ
नाफाको सामुन्ने लुछिएर

मूल्यको किनारामा बसेर
मुनाफाहरू

बदनाम हुँदै गइरहेछन्
मूल्य सूचीमा
मूल्यहरू मात्रै छैनन्
त्यहाँ त अनेकौँ कङ्गाल बनाउने
खरबौँ खर्च नोक्सानहरूका तमासुकहरू पनि छन्

जबकि त्यहाँ
उत्पादक शक्ति मालिक
खाली हात हुन्छन्
डिलर र डिपोहरू
नाफाको चाङमा उभिन्छन
र उनै अर्थशास्त्री बनेका छन्
बनाइएका हुन्छन्

म मुनाफाका नाइकेहरू
कहिल्यै अर्थविज्ञ ठान्दिनँ
अर्थशास्त्री मान्दिनँ
अहिले त्यस्तैहरूको चङ्गुलमा विश्व फसेको छ
र गुन्द्रुकका मालिकहरू उनैलाई तजबिज ठानेर
माल बजार पठाउँछन्
अथवा साँवा समेत हराएर
तजबिजवालाले नाफामा नाफा जोडेर
किनबेच असजिलो बनाइदिन्छ
गुन्द्रुकको मूल्य
र अन्तमा कृषकको घाँटीमा
कसरी छिर्छ ठुलो हड्डी
आफैं जान्नुहोस्
तपाईं मालिक नबन्नुको कारण

म त्यही सहरमा छु

जुन सहरमा छु
त्यहाँ ऊ छैन
छन त अमेरिकी व्यापारीहरू छन्
उनकै मूल्यमा
उनकै मुद्रामा मूल्यहरू बिक्छन्
मूल्यहरू छन्
अझैसम्म ऊ छैन छन त !
सबैतिर फैलिएको नाफा मात्र छ

औषधिहरू पाइन्छन्
उपयोगी मूल्यहरू छैनन्
मेडिकल डाक्टरहरू छन्
उनले समेत
नाफामा मुनाफाहरू जोड्दै बेच्छन्
महोदय म छु
मसँग मिल्ने एक चिम्टी पनि
इमानदारिता छैन
यो सहरमा
तपाईंलाई के निवेदन गर्नु ?
मेरो सहरको यति महङ्गो
मूल्य सूचीको विवरण दिएर
जहाँ नोक्सानहरूको त खपत नै हुन्न

यस्तो 'भ्यालुएसन'मा
उहीँ अमेरिकी अर्थतन्त्र बलियो हुन्छ
बाँचेको छ
संसारकै मुनाफाहरूको मालिक भएर साम्राज्यवाद !

र दासता नमेटिएरै उभिएको हो
समानतामा आधारित

अर्कोतर्फ !
अतिरिक्त मूल्यको सिद्धान्त
म हो त्यो खोजीरहेछु
ऊ बसेको सहरभित्र
गुन्द्रुकको सहज
दरभाउ रोजेर
रमाइरहेको त्यो त्यान्द्राको मुहार
सधैँ हँसिलो बनाओस्
यति सोचिरहेछु ।

मोलुङ ज्ञानप्रवाह लगायत मोलुङ फाउन्डेसनका अन्य प्रकाशन मार्फत बालबालिका, किशोर-किशोरी, युवा-युवती लगायत देश विदेशमा रहेका समग्र नेपालीलाई सिर्जनशील, सचेत, र जागरुक बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने कुरामा संस्थालाई पूर्ण सफलता मिलोस् । हार्दिक शुभकामना !

प्रधानध्यापक
तथा समस्त विद्यालय परिवार
बिदोदय मा.वि. दोर्पा, खोटाङ

# Metamorphosis!



Indra Thapa
California, USA

It's a gift
And
A blessing
For the humans
Initially!!
Fluorescence in the air!
Fetus
Into
Cute babies;
Children into
Energetic grownups!!
All like a set of rainbows in the sky;
Different colors
As butterflies in circles!
Sooner or later
Blessing
No more blissful!
Wings of the butterflies
Drop to the ground;
Fluorescence fast fading out!
Mirrors make faces
At you!

Stars twinkle no more
For you!
Rainbow turns into
A rain of
Tears and fears!
What's left of you
Deserves
A better service
At the dumping sight
Hot
And
Burning!
Isn't it disgusting?

We express our best wishes for disseminating new knowledge and information to children, adolescents, youths, and all Nepalis living at home and abroad.

Principal
Nepalaya College
Kalanki, Kathmandu

We express our best wishes for disseminating new knowledge and information to children, adolescents, youths, and all Nepalis living at home and abroad.

Founding Director
GEMS School
Dhapakhel, Lalitpur

***बालकथा***

# दुई दिदी बहिनी

## कथाकार: फ्लोरा आनी स्टील
## अनुवादक: प्रा.डा. भूपप्रसाद धमला
## श्री रोशनी धमला दाहाल

*(फ्लोरा आनी वेब्स्टर स्टील (१८४७-१९२९) बेलायतको मिडलसेक्समा जन्मीहुर्की विलियम स्टीलसँगको विवाहपश्चात् २२ वर्षसम्म बेलायती औपनिवेशिक भारतमा बसेर लेख्ने अङ्ग्रेजी लेखिका हुन् । उनका धेरैजसो कृतिहरू भारतेली जीवनसँग सम्बन्धित छन् ।*
*प्रस्तुत कथा "दुई दिदी बहिनी" इङ्लिस फेअरि टेल्समा प्रकाशित "द टु सिस्टर्स" को अनुवाद हो । यसले "गुनको बदला गुनले तिर्छ" अथवा "जस्तो रोप्यो त्यस्तै फल्छ" भन्ने सन्देश दिन्छ । )*

कुनै एक समयमा दुई दिदीबहिनी थिए जो केराउको कोसामा भएका दाना जस्तै दुरुस्त उस्तै थिए । तर एउटी असल स्वभाव र अर्की खराब स्वभावकी थिइन् । तिनका बाबाको पेसा नभएकाले तिनीहरूले काम खोज्ने विचार गरे ।
"पहिले म जान्छु अनि केही काम पाइन्छ भनेर हेर्छु, मैले काम भेटेँ भने अनि तपाईं जानुहोला नि दिदी" बहिनीले प्रसन्न मुद्रामा भनिन् ।
उनले पोका पुन्तुरा बनाइन्, बिदावारी भइन्, र कामको खोजीमा निस्किन् । तर सहरमा कसैलाई पनि काम गर्ने केटी चाहिएको थिएन त्यसैले उनी पर गाउँतिर गइन् । हिँडदै जाँदा उनले एउटा अँगेनामा धेरै पाउरोटी पाक्दै गरेको देखिन् । त्यसलाई पार गर्दै गर्दा ती रोटीले एक स्वरमा भने -
"सान्नानी, सान्नानी ! हामीलाई बाहिर निकालिदिनुस् ! कृपया निकालिदिनुस् ! हामीलाई पकाउन थालेको सात वर्ष भैसक्यो तर

कसैले पनि बाहिर निकाली दिएन हामीलाई निकाली दिनुस् नत्र हामी डढेर खरानी हुने भयौं !"

अनि दयालु मन भएकी सानी बहिनी रोकिइन् । पोका भुइँमा राखिन् । रोटीलाई अँगेनाबाट बाहिर निकाली दिइन् । "अब तिमीहरूलाई आराम हुन्छ" भन्दै आफ्नो बाटो लागिन् ।

केही समयपछि दुधको रित्तो ढुङ्गोको छेउमा कराउँदै गरेको एउटा गाईको नजिक आइन् । गाईले उनलाई भन्यो, "सान्नानी, सान्नानी ! मलाई दुहुनुस् न । सात वर्षदेखि पर्खिरहेको छु तर दुहुन कोही आएनन् । "

दयालु मनकी ती बहिनी रोकिएर पोका भुइँमा राखिन्, गाई दुहिन्, अनि "अब तपाईंलाइ अलि आराम हुन्छ" भन्दै आफ्नो बाटो लागिन् ।

अलिपर पुगेपछि सानी बहिनी एउटा स्याउको रुखमा पुगिन् । रुखभरि लटरम्म स्याउ फलेर हाँगै भाचिन लागेका थिए । स्याउको रुखले बालिकालाई बोलाएर भन्यो, "सान्नानी, सान्नानी, कृपया मलाई हल्लाई देऊ न, मेरो फल धेरै गह्रौं भयो, मैले थाम्नै सकिनँ ।".

सानी बहिनी रोकिइन्, पोका भुइँमा राखिन्, रुख हल्लाएर स्याउ भुइँमा झारिन् अनि रुख सिधा भयो अनि "अब तपाईंलाई अलि आराम हुन्छ" भन्दै आफ्नो बाटो लागिन् ।

यसरी ती सानी बहिनी अघि बढ्दै रहिन् । आखिरमा एउटी दुष्ट बुढीको घरमा आइपुगिन् । ती बुढीलाई घरेलु काम गर्ने केटी चाहिएको थियो । उसले धेरै पैसा दिने कबुल पनि गरी । सानी बहिनीले काम गर्न मन्जुर गरिन् । उनले घर बढारकुडार गरेर सफा सुग्घर राख्नुपर्ने र आगो बालेर घर उज्यालो र रमाइलो पार्नुपर्ने तर चिम्नितिर भने कहिले हेर्ने नहुने सर्तमा बुढीले काम दिने भई ।

"तैंले चिम्नीतिर हेरिस् भने केही कुरा माथिबाट खस्छ अनि तँलाई नराम्रो हुन्छ" उसले भनी ।

सानी बहिनीले कसिङ्गर बढारिन्, आगो बालिन्, सबै काम गरिन् तर कहिल्यै पैसा पाइनन् । उनलाई दुष्ट बुढीको सेवा गर्न मन लागेन । उनी अब घर फर्किन चाहन्थिन् किनभने त्यो दुष्ट बुढीले बच्चा तातोपानीमा उसिनेर खान्थी र हाडखोर चाहिँ बगैँचाको कुनामा खाल्डो खनेर गाड्थी । सानी बहिनी रित्तो हात घर फर्कन चाहन्नथिन् त्यसैले उनले काम गर्दै रहिन् मानौँ उनी यो काममा खुसी नै छिन् ।

एक दिन अँगेना बढारिरहेको बेला अँगार तल खस्यो । चिम्नी नहेर्नु है भनेको बिर्सेर उनले माथि हेरिन्, लौन माथिबाट सुनको खोला उनको काखैमा झऱ्यो ।

दुष्ट बुढी पर पुगेकी थिई । त्यसै बेला सानी बहिनीले घर छोडेरा भाग्ने मौकाको विचार गरिन् ।

अनि उनले लुगापातो सम्हालेर घरतिर दगुरिन् तर अलि पर पुगेकी मात्र थिइन्, दुष्ट बुढी कुचाको डाँठ बोकेर आउँदै गरेको सुनियो । सानी बहिनीले पहिले सहयोग गरेको स्याउको रुख नजिकै आइपुगेर सहयोगका लागि कराइन्, “हे स्याउको रुख ! मलाई छिटो लुकाउ । दुष्ट बुढीले नभेटोस् । उसले भेटी भने मेरो मासु खाइवरि हाडखोर बगैँचामा गाड्ने छे ।”

अनि स्याउको रुखले हुन्छ भन्यो, “तिमीले मलाई ठाडै रहन मद्दत गर्यौ गुनको बदला गुनले तिर्छु ।”

यसरी रुखले बालिकालाई रुखको हरियो हाँगामा लुकायो ।

दुष्ट बुढी कराउँदै गइन्, “हे प्यारो रुख ! हे मेरो रुख ! तिमीले एउटी दुष्ट केटी देख्यौ कि ? ठुलो झोला बोकेर कुद्दै यता गएकी त्यसले मेरो धेरै सबै पैसा चोरेकी ?”

स्याउको रुखले भन्यो, “अहँ मैले देखिन, प्यारी मेरी आमा, सात वर्षदेखि नै मैले कहिल्यै देखिन ।”

दुष्ट बुढी अर्कैतिर लागी । सानी बालिका रुखबाट ओर्लिन् । रुखलाई धन्यवाद दिइन् र आफ्नो बाटो लागिन् तर जसै उनी गाईको नजिक पुगिथिन्, दुष्ट बुढी फेरि आएको देखेर गाईलाई भनिन्, “हे गाई ! हे गाई ! मलाई छिटो लुकाऊ, दुष्ट बुढीले

नभेटोस् । उसले भेटी भने मेरो मासु खाइवरि हाडखोर बगैचामा गाड्ने छे ।"

"अवश्य गर्नेछु " गाईले भन्यो ।

दुष्ट बुढी दौडेर गाईतिर जाँदै भनी, "हे प्यारो गाई ! हे मेरो गाई ! तिमीले एउटी दुष्ट केटी देख्यौ कि ? ठुलो झोला बोकेर कुद्दै यता गएकी। त्यसले मेरो धेरै सबै पैसा चोरेकी ?

गाईले नम्रतापूर्वक भन्यो, "अहँ, देखिन आमा, सात वर्ष भयो । मैले कहिल्यै देखिन ।"

दुष्ट बुढी अर्कैतिर लागी । बालिका फेरि घरतिर दौडिन थालिन् । तर जसै उनी अँगेनाको नजिक पुगिन् डरलाग्दी दुष्ट बुढी उनको पछि पछि लखेट्दै आइ पुगी । त्यसैले उनी सकेसम्म छिटो अँगेनाको नजिक आइपुगेर कराइन्, "हे अँगेना ! हे अँगेना ! मलाई लुकाऊ । दुष्ट बुढीले नभेटोस् । उसले भेटी भने मेरो मासु खाइवरि हाडखोर बगैचामा गाड्नेछे ।"

अँगेनाले भन्यो, "तिमी अटाउने ठाउँ मसँग छैन किनभने अर्को रोटी पाक्दैछ रोटी साहुलाई सोध सोध ।"

बालिकाले रोटी साहुलाई लुकाइदिन अनुरोध गरिन् । साहुले भन्यो, "हुन्छ अवश्य गर्छु किनभने मेरा रोटी डढेर भस्म हुनबाट तिमीले बचाएकी थियौ । तिमी यहाँ सुरक्षित हुनेछ्यौ दुष्ट बुढीलाइ म ठिक गर्छु।"

यसरी बालिका रोटी पकाउने घरमा ठिक समयमै लुकिन् । ठिक त्यही बेला दुष्ट बुढी रिसले चुर भएर कराउँदै थिई, "हे मेरो मान्छे ! मेरो मान्छे ! तिमीले एउटी दुष्ट केटी देख्यौ कि ? ठुलो झोला बोकेर कुद्दै यता गएकी । त्यसले मेरो धेरै सबै पैसा चोरेकी ?"

अनि रोटी साहुले भन्यो, "ऊ त्यो अँगेनामा हेर त त्यहाँ हुन सक्छे ।"

दुष्ट बुढी कुचोबाट ओर्लेर अँगेनामा चियाएर हेरी । तर कसैलाई देखिनँ । "घस्रेर भित्र जाउ र पल्लो छेउको कुनासम्म हेर" चतुर रोटी साहुले भन्यो । जब दुष्ट बुढी त्यता गई केही चिज पड्कियो, "बड्याँग !" रोटी साहुले बुढीको अनुहारमै ढोका बन्द गरिदियो ।

त्यहाँ त्यसलाई पोल्यो रोटी लिएर कैलो र खिरिप्प अनुहारमा त्यो निस्की । दौडिँदै घर पुगेर चिसो क्रिम लाउनुपर्ने भयो ।
आभार प्रकट गर्दै बालिका सुरक्षित रूपमा पैसाको झोला बोकेर घर गइन् ।
बहिनीको भाग्य देखेपछि खराब दिदीले ईर्ष्या गरिन् । अनि बहिनीले कमाए जस्तै सुन कमाउने निधो गरिन् । त्यसैले उनले झोला झ्याम्टा बोकेर बहिनी गएकै बाटो लागिन् । अँगेना नजिकै पुग्दा पाउरोटीले अँगेनाबाट झिकिदिन अनुरोध गरे किनभने सात वर्षदेखि नझिकेको हुनाले डढेर खाक हुने खतरा थियो तर तिनले अस्वीकृतिको टाउको हल्लाउँदै भनिन्, "उस्तै कुरा त हो नि तिमीलाई बचाउन खोज्दा मेरो पनि हात पोलिहाल्छ नि म यो गर्न सक्दिनँ माफ गर । "
अनि उनी पर कसैले दुहुन आओस् भनेर ढुंग्रोको नजिक पर्खिरहेको गाईको नजिकै पुगिन् गाईले भन्यो, "नानी, नानी मलाई दुहुनुस् म सात वर्षदेखि दुहिन पर्खिरहेको छु ।"
तिनले हाँसेर जवाफ दिइन्, "तिमीले अरू सात वर्ष पर्खे पनि हुन्छ म तिम्रो गोठालो होइन !" त्यत्ति भनेर उनी आफ्नो बाटो लागिन् । अलि पर पुग्दा लटरम्म फलेको स्याउको रुखमा पुग्दा फलको बोझ थाम्न नसकेको बोटले हाँगा हल्लाई दिन अनुरोध गर्यो तर तिनले खित्तित्त हाँस्दै एउटा पाकेको स्याउ टिप्दै भनिन्, "मलाई एउटा भए पुग्छ अरू आफैसँग राख्नु ।"
अनि उनी स्याउ चपाउँदै अघि बढदै दुष्ट बुढीको घर आइपुगिन् । अब दुष्ट बुढी अँगेनामा डढेर कैली र खुरुप्प भएकी । ऊ नोकर्नीसँग खुब रिसाएकी थिई । त्यसैले अब अर्कीले जाल जुक्ति गरेर उसलाई नफसाओस् भन्ने चाहन्थी । त्यसैले लामो समयसम्म ऊ बाहिरै निस्किन । त्यसैले खराब स्वभावकी ती बालिकालाई चिम्नी हेर्ने अवसर नै प्राप्त भएन जुन ऊ तुरुन्त गर्न चाहन्थिन् । उनले कसिङ्गर बढार्ने सफा गर्ने, कुचो लगाउने गर्नुपर्थ्यो । थाकेर लखतरान हुन्थिन् ।

तर एक दिन जब दुष्ट बुढी एक छिन बगैंचामा हड्डी गाड्न गएकी थिई त्यो मौका छोपेर बालिकाले चिम्नी हेरिन् र साँच्चिकै उनको काखमा सुनको पोका झऱ्यो !

एकैछिनमा तिनी भागेर दगुरिन् । स्याउको रुखमा आइपुग्दा दुष्ट बुढी दौडदै आएको थाहा पाएर उनकी बहिनीले जस्तै गरी कराइन्, "हे स्याउको रुख ! स्याउको रुख ! मलाई छिटो लुकाउ । दुष्ट बुढीले नभेटोस् । उसले भेटी भने मेरो मासु खाइवरि हाडखोर बगैचामा गाड्नेछे ।"

तर स्याउको रुखले भन्यो, "अहँ, यहाँ ठाउँ छैन हाँगाभरि फलै फल छन् ।"

त्यसकारण उनी दगुर्नु पऱ्यो । जब दुष्ट बुढी कुचोबाट ओर्लेर कराई, "हे प्यारो रुख ! हे मेरो रुख ! तिमीले एउटी दुष्ट केटी देख्यौ कि ? ठुलो झोला बोकेर कुद्दै यता गएकी । त्यसले मेरो धेरै सबै पैसा चोरेकी ?"

स्याउको रुखले भन्यो, "हजुर, प्यारी आमा, तिने उँधो गएकी छिन् ।"

अनि दुष्ट बुढी उनलाई लखेटी, च्याप्प समाती, बेस्मारी पिटी, र सुनको झोला खोसेर लिई त्यसपछि उसलाई काम गरेको ज्याला पनि नदिइकन घर फिर्ता पठाइदिई ।

मोलुङ ज्ञानप्रवाह लगायत मोलुङ फाउन्डेसनका अन्य प्रकाशन मार्फत बालबालिका, किशोर-किशोरी, युवा-युवती लगायत देश विदेशमा रहेका समग्र नेपालीलाई सिर्जनशील, सचेत, र जागरुक बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने कुरामा संस्थालाई पूर्ण सफलता मिलोस् । हार्दिक शुभकामना !

प्रधानध्यापक
तथा समस्त विद्यालय परिवार
कुन्ता मा.वि. ज्यामिरे, ओखलढुङ्गा

# म कमरेड शान्ति



प्रज्ञा पनेरु

गाउँमा बिजोग थियो । “जो चोर उसको ठुलो स्वर”, र “जो होचो उसकै मुखमा घोचो” उखान चरितार्थ थियो । मुखिया बाले गाउँलेलाई कब्जामा राखेका थिए । उनले जे बोल्थे कानुन हुन्थ्यो । गरिबले जेनतेन जिन्दगी गुजारेका थिए । अझ गाउँका सीमान्तकृत जाति, जनजाति, र आइमाईको त कुरै छोडम् । उनीहरूको त श्वासमात्र जेनतेन चल्दै थियो ।

पुलिसले त तहअनुसारको शोषण गर्थे । गाउँमा भएका काला कामहरूलाई सेत्याउने जिम्मा उनीहरूको भएकाले उनीहरू विलासी जीवन बाँचिरहेका थिए । व्यापारीको कालो बजारी सघाए बापत रासन, कपडा, सबै सित्तैमा उनको दैलोमा आउँथ्यो । बाटोमा आउने बरफवाला, लछ्छीवाला सबैले उनलाई पैसा नलिकन दिन्थे । “म पुलिस हो” भन्नु नै उनीहरूको एटियमको पिन कोड जस्तै थियो । कदाचित अटेरी गऱ्यो भने ती साइकिल व्यापारीहरूले रामधुलाइ खान्थे ।

मेरो बा सरकारी स्कुलमा शिक्षक थिए । हामीलाई चाउचाउ, बिस्कुट, नयाँ लुगा सोची सम्झी आवश्यकताअनुसार मात्र किनिने कुराहरू थिए । हाम्रो लागि विलासी भएका कुरा उनको लागि समान्य थियो । हाम्रो घरको छेउका पुलिस अंकल बस्थे । हामीलाई विलासी लाग्ने सबै कुरा अंकलकहाँ सहजै आइरहन्थ्यो । उहाँ नजिकै बसेको कारण हामी पनि समय समयमा चाउचाउ, बिस्कुट, अनि तिहारमा पटाका पड्काउन पाउँथ्यौँ । साइकलवालासँग लुटेको बरफ खान पाउँदा हामी दङ्ग हुन्थ्यौँ । त्यसो गर्नु नराम्रो हो भन्ने कुराको भेउ थिएन । धनीहरू दिनानु दिन धनी हुँदैगइराखेका थिए । कहाँबाट आउँथ्यो पैसा ? थाहा थिएन । मनमनै भने आरिस लाग्थ्यो । “हामी किन धनी नभाको ?” भन्ने कुरो मनमा खेल्थ्यो ।

स्कुलमा सीमान्तकृत जातका बालबच्चा, अथवा सरकारी कर्मचारी नै भए नि विभेद हुन्थ्यो । कथित तल्ला जाति माथिल्लाको घरमा प्रवेश पाउँदैन थिए । उनीहरू आँगनमा भुइँमा बस्नु पर्थ्यो । उनीहरूका छोराछोरी स्कुल जाँदैनथे । सडकमा धुलो माटोमा खेल्थे । उनीहरूसँग कथित तल्लो जातका केटाकेटीलाई खेल्न दिइँदैनथियो । स्कुलमा कसैलाई छोइहाल्यो भने सुनपानी छर्केर मात्र माथिल्लो जातका केटाकेटीहरू घर पस्थे । माथिल्लो जातकाले तल्लो जातकालाई जति नै पाको उमेरका भए पनि “तँ” वा “तिमी” मात्र भन्थे । तल्लो जातकाले भने माथिल्लो जातकोलाई उमेरमा जति साना भए पनि “हजुर” भनेर बोल्नु पर्थ्यो । मेरो घरमा पनि त्यही नियम थियो । किन म बुझ्दिन थिएँ । गाउँलेहरू जस्तै म पनी चुपचाप त्यही गर्थें ।

देशमा प्रजातन्त्र आएको भए पनि वास्तवमा प्रजातन्त्र होइन नेता र पार्टीतन्त्र मात्र आएको थियो । प्रजा अझै भुइँमै थिए । रुढिवादी अन्धविश्वास जरो गाडेर बसेको थियो । मन्छेभन्दा जनावरको बढी मूल्य देखिन्थ्यो । तरुनीहरू छुइ भएपछि छाउगोठ सर्थे । सुत्केरी

हुँदा कुन्टा पस्थे । न राम्रो स्याहार, न सुविधा । अझ छोरीलाई घरको बोझ मान्ने चलन गएको थिएन । आमाहरू छोरी जन्मेकोमा "लोग्नेले अर्की ल्याउछ्" भनेर पिर गर्थे । छोरीहरू "छोरीको जन्म हारेको कर्म" भनेर चित्त बुझाउँथे । २० कट्न नपाउँदै छोरीलाई डाँडो कटाइन्थ्यो ।

२०५६ साल भदौ २ गते घर छेवैको आमाले छोराको आसमा चौथो छोरी जन्माइन् । गाउँका सबै आइमाईको मन त्यो दिन कुंडेको थियो । "अब के हुन्छ ? बाले अर्की ल्याउँछन त ?" सबैको मनमा यही प्रश्न थियो । छोरी जन्मेको ११ दिनपछि म र मेरी आमा ती आमैलाई भेट्न गयौँ । "कस्तो छ तपाईंलाई ? लौ मैले घरको भैँसीको घिउ ल्याइदेको छु, खानामा राखेर खानुहोला ।" मेरी आमैले भनिन् । "बैनीलाई हेरौँ न, मलाई कस्तो हेर्न मन लगेको छ ।" मैले भनेँ । बट्की आमैले सुक्क सुक्क गर्दै, "छोरीलाई त जुन भगवानले दिएका थिये उनैले लगे ।" भनिन् । हामी छक्क पर्‍यौँ । छिमेकमा यो हल्ला फैलियेपछि सबैले अट्कल काटे, चौथो छोरी जन्माएकोमा छिमेकी बाले बस्न खान नदिएपछि आफ्नै हातले आफ्नो छोरीको घाँटी थिची आमैले नवजात शिशु गाउँको बगरमा गाडेकी हुन् ।

त्यही महिना हो घरबाट मलाई विवाह गर भनेर कर गरिरहे । त्यही महिना थियो, माओवादी मेरो जीवनमा र गाउँका सोझासाझाको निम्ति देउता बनेर आएको । त्यही महिना म पनि सुटुक्क क्रान्तिको बाटो हिँडे किनकि मलाई देखाउनु थियो "छोरी मान्छेले पनि धेरै कुरा गर्न सक्छन्, छोरा र छोरीमा केही फरक छैन ।" मलाई म छोरी भएको याद दिलाइरहने सङ्गतबाट छुट्टी मिलेको थियो । सधैँ कुचो र डाडु पुन्युमा अभ्यस्त हातले बन्दुक भिरेको थियो । त्यो गजबको अनुभूति थियो । केही समयको ट्रेनिङपछि म "ड्याम्म" ठाउँमै गोली ताक्ने भैसकेको थिएँ । मेरो

निसाना देख्दा अरू कम्रेडहरू छक्क पर्थे । मेरो छाती गर्वले चौडा हुन्थ्यो ।

मैले मेरो घरमा पहिलो पटक आफ्ना कम्रेड साथीहरूलाई जातभातको ट्यागबिना खाना खुवाउन ल्याएँ । बाबआमालाई सम्झाएँ, "अब तपाईंहरू क्रन्तिकारीको परिवार हुनुहुन्छ । कसैलाई थिचोमिचो, भेदभाव नगर्नुहोला । बैनीलाई जतिसम्म पढ्न मन लाग्छ, पढ्न दिनुहोस् नत्र राम्रो हुँदैन ।"
बाआमाले सहमतिमा मुन्टो हल्लाए । हामी उज्यालो हुन नपाउँदै घरबाट उम्कियौँ । त्यसताका हामीले पुँजीपतिको पैसा लुट्न बैंकको सफाइ गऱ्यौ । धनीहरूलाई थुर्र पाऱ्यौ । जता जता शोषणको बिगुल फुक्थ्यो त्यता त्यता हामीले समानाताको बिगुल फुक्यौँ । कम्तीमा १० प्रतिगमनकारी तत्त्वलाई त मेरै बन्दुकले ठेगान लगाए । तर सबैभन्दा मजा चाहिँ मलाई हाम्रो गाउँको चौकी हान्न र मुखिया बाको सातो लिन आएको थियो ।

चौकी हान्ने रात हामी गोली पट्काउँदै चौकीतिर लम्कियौँ । हामी आएको खबर गर्नु थियो । हामीलाई धेरै ज्यानको क्षतिभन्दा पनि पुलिस तर्साउनु थियो । दोहोरो भिडन्त भयो । चारैतिर सुनसान मात्र गोलीको आवाज । बस्तीसमेत नजिकै थियो । कोही आएनन् । मैले देखेँ, डरको अनुहार कस्तो हुन्छ ? रातभरि भिडन्त भएपछि हाम्रा दुईचार जवान पनि गोली लागी घाइते भए । उतापट्टि पनि त्यस्तै क्षति भयो । हामी चाहन्थ्यौँ भने शक्तिशाली बमले सम्पूर्णलाई खरानी पार्न सक्थ्यौ । तर त्यसो गरेनौँ । भोलिपल्ट गाउँमा हाम्रो कार्यक्रम थियो । कार्यक्रमलाई मैले सम्बोधन गरेँ ।

"अब देखि तिमीहरू कसैले मन्छे मान्छे बिच भेदभाव गरेको सूचना आएमा हामी कसैलाई छोड्दैनम् । हाम्रा सुराकीहरू चारैतिर छरिएका छन् । हामी आशा गर्छौं, तपाईंहरू नयाँ नेपाल बनाउने यो अभियानमा साथ र सहयोग दिनुहुनेछ । तपाईंहरूको

दुःख हाम्रो दुःख हो, तर यदि तपाईंहरूमध्ये कसैले प्रतिगामी शक्तितिर लगेर थिचोमिचो गर्नु भो । हामीलाई दुःख दिने काम गर्नु भो भने तपाईं हाम्रो दुस्मन हो । र हामी दुस्मनलाई छोड्दैनौं । हिजोको हमला प्रतिगामी शक्तिलाई हाम्रो उपस्थितिको जानकारीका लागि मात्र थियो । लालसलाम !"

त्यही रात हामी मुखिया बाकहाँ गयौ । मुखिया बाको अनुहार हेर्नलायक थियो । मुखियाबाले "म तपाईंहरूको यो अग्रगामी कदममा सहयोग गर्छु , अहिलेसम्म जे भयो भुल भयो । अबबाट केही गल्ती हुँदैन भन्नुभयो ।" मलाई मुखिया बासामु आफ्नो आत्मविश्वास जाँच गर्नु थियो । मैले बन्दुक मुखियाको टाउकोमा राखेँ, बन्दुकको टृगर हल्का दबाए । र त्यसको सम्पूर्ण कर्तुतहरू सम्झेँ । मुखिया पसिना पसिना भयो । "छोरी के गरेको, तिमी त मेरो छोरी हौ, बाबालाई मार्छौ बा ?" भने । मुखिनी आमा सुक्क सुक्क कुनामा रोइरहेकी थिइन् । मैले बन्दुक तल झारेँ र, "कुनै अन्यायको सूचना पाउनु नपरोस् । आउँदो शनिबार मुखियाको घरमा हाम्रो जनवादी क्रान्तिको उपलक्ष्यमा भोज हुन्छ । भोजमा सबै जातजातिहरूलाई समान निमन्त्रणा गरेर समाजवादको बिगुल फुक्नुपर्छ । तयारी गर्नुस् । "

भने अनुसार मुखियाको घरमा भतेर भयो । जनवादी साथीहरू खुसीले नाचे । सबैभन्दा खुसी आइमाई र हेपिएका समूहहरू थिए । गाउँमा पहिलो पटक उपल्लो जात र तल्लो जातका सँगै रमाएका थिए । हाम्रो बाटो मन पराएर कतिपय साथीहरू हाम्रो जनवादी सेनामा भर्ना हुन आए । मुखियाले हामीलाई खुसी पर्न फेरि पनि सहयोग गर्ने बाचा गर्दै ५० हजार नगद दिए । हामी रमाउँदै हाम्रो सैनिक क्याम्पमा फर्कियौ ।

हाम्रो असरले गाउँ गाउँमा यस्तै परिवर्तन आएको थियो । अब पुलिसको अत्याचार, मुखियाको अत्याचार निकै काम भएको थियो ।

हाम्रो चेतावनीको बाबजुद पुनः गल्ती दोहोरिरहे । हामी त्यस्ता तत्त्वलाई निमिट्यान्न पार्थ्यौं । शान्ति सम्झौता अघिसम्म सबै ठिक थियो । देब्रे हातमा गोलीको छर्रा लागे पनि गाउँघरमा आएको परिवर्तनले ढक्क छाती फुल्थ्यो । अहिले हाम्रो बलिदान, क्रान्ति सबै तुहिएको छ ।

म फेरि कम्रेडबाट आइमाईमा झरिसकें । त्यो पनि "अपाङ आइमाई" । फेरि गाउँमा भेदभाव थिचोमिचो प्रस्ट देखिन्छ । अब गाउँलेहरूले मलाई "देखिस् खुब परिवर्तन गर्छु, भन्थिस् त, हत्यारा हो, त्यही पाप तँलाई लगेको छ । ठिक्क पऱ्यो" भन्छन् । मलाई पनि ठिकै हो कि जस्तो लाग्न थालेको छ । हाम्रा अगुवा कम्रेडहरूको भने पेट भरि छ क्या रे । उनीहरूले अब बोल्नु हुँदैन । बुद्ध भगवान भन्नुहुन्छ, "संसारका गतिविधिहरू हुँदै गर्छन्, हामीले बदल्न सक्दैनौं । बदल्न सक्ने कुरा त आफैंलाई हो ।" अजभोलि म महाक्रम अभ्यास गर्छु अनि आफूलाई नै बदल्ने बाटोमा हिँडेको छु ।

मोलुङ ज्ञानप्रवाह लगायत मोलुङ फाउन्डेसनका अन्य प्रकाशन मार्फत बालबालिका, किशोर-किशोरी, युवा-युवती लगायत देश विदेशमा रहेका समग्र नेपालीलाई सिर्जनशील, सचेत, र जागरुक बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने कुरामा संस्थालाई पूर्ण सफलता मिलोस् । हार्दिक शुभकामना !

प्रधानध्यापक
तथा समस्त विद्यालय परिवार
जनजीवन मा.वि.वाच्पु, पोकली, ओखलढुङ्गा

*अनुभूति / यथार्थ*

# सुरक्षा कवच



इन्दु अंशु

'मेरी छोरी जन्मिइन् सरकार अखबारमा एक पेज थप्नु' भनेर वरिष्ठ साहित्यकार अनिल पौडेलले लेखेको एउटा पङ्क्ति स्ट्याटस हो यो । देशभर छोरीहरूले अनाहकमा वरण गरिरहेको मृत्युलाई बेवास्ता गर्ने सरकारप्रतिको कटाक्ष थियो त्यो स्ट्याटस । लाग्छ, यो एक लाइनले सम्पूर्ण नारी जाति प्रति भएको अत्याचारको पटाक्षेप गरेको छ । छोरीको नियति पनि घरेलु हिंसा, हत्या र बलात्कारको सिकार भई समाचार बन्नु भन्दा माथि उठ्नै सकेन । अझ समाचार बन्ने त बनी गए दुनियाँले थाहा पाए तर कतिको त समाजले बोल्ती बन्द गराइदिएपछि समाचार बनिदिन्छ ।

यसको उदाहरण सम्झन्छु पुरानो मितिको सदावहार घटना । २०७७ ।६ ।२ मा कान्तिपुरका लागि अवधेशकुमार झाले तयार पारेको एउटा समाचार । बलात्कृत आफ्नी विवश छोरीलाई गाउँमा बसेको पञ्चायतले अनेक लाञ्छना लगाई मर्न बाध्य गराइएकी संगीता कुमारी मण्डलकी आमाको क्रन्दन थियो त्यो । खेतमा काम गर्न गएकी संगीतालाई चिनेजानेकै चार-पाँच जना केटाहरूले बलात्कार गरे । उनले आफ्नी आमालाई सबै कुरा

भनिन् । पुलिसमा उजुरी दिने कुरो भयो । तर गाउँमा बसेका पञ्चले गाउँकै चेलीबेटीमाथि भएको दर्दनाक घटनालाई हाँसोमा उडाए । खिसी टियुरी गर्दै कसरी बलात्कार भयो भन्दै सचित्र वर्णन गर्न लगाए । मेलमिलाप गर्नुपर्छ भनी पैसाको लालच देखाए । संगीताको परिवारलाई प्रहरीकोमा उजुरी गर्न नजानु भनेर धम्काए पनि । आफूलाई समाजले न्याय नदिने पक्का ठानेकी १७ वर्षीया संगीताले आफ्नै घरको दलानमा झुन्डिएर आत्महत्या गरिन् । परिवारको साथ उनलाई थियो । समाजले पनि साथ दिएको भए उनले चिनेका ती अपराधीहरूले आफूले गरेको अपराध पखाल्ने ठाउँ जेल हुन सक्थ्यो । तर समाजले साथ नदिँदा एउटी किशोरीले अनाहकमा आफ्नो जीवन लीला समाप्त पारिन् ।

हामीलाई लाग्न सक्छ, परिवार र समाजको सहयोग भयो भने अपराधीलाई उसले गरेको सजाय दिलाउन सकिन्छ । तर यो पनि हाम्रो दुर्भाग्य नै हो । यसको सपाट दृश्य झलझली आँखामा छ, निर्मला हत्या काण्ड । खै सिङ्गो देशले निर्मलाका लागि न्याय माग्यो । दियो त सरकारले न्याय ? दियो त न्यायालयले नै न्याय ? दिएन नि ! यी एकदुई वटा नामको पछाडि हजारौँ पीडित छोरीहरूको नामका ताँती छ । यसको अर्थ के भयो नारी एउटी भोग्या वस्तुभन्दा माथि केही पनि होइन । उसलाई मौका पाउने बित्तिकै भोग गर्‍यो अनि हत्या गरी फालीदियो ।

समाचारका मितिहरू पुराना हुन सक्छन् तर घटनाहरू दिनानु दिन घटिरहन्छन् । करिब ४० वर्षअघि भएको नमिता-सुनिता बलात्कार/हत्याकाण्डदेखि हेर्ने हो भने यी नमिता-सुनिता, निर्मला र संगीताका मात्र पीडादायी घटना हुँदै होइनन् । लाखौँ लाख नमिता-सुनिता, निर्मला र संगीताका कथा हुन । नियति हुन् । यस्ता समाचार पढ्ने र सुन्ने जुन सुकै अर्को दिन आफै समाचार बन्न सक्ने खतरा हो यो ।

धर्म परिवर्तन गरेका भन्दा बाहेकलाई मान्ने हो भने नेपाल एक हिन्दु र बौद्ध धर्म अर्थात् मानव धर्म बाहुल्यता भएको राष्ट्र हो । जहाँ नारीलाई शक्ति रूपा मानेर पूजा गरिन्छ-नवदुर्गा, लक्ष्मी,

सरस्वती । महानवरात्रिभरि दुर्गाका नौ रूपको पूजा गरिन्छ । धनधान्यकी देवी मानेर दीपावली मनाइन्छ । ज्ञानकी द्योतकका रूपमा सरस्वतीको पूजा श्री पञ्चमीमा गरिन्छ । त्यति मात्रले पुग्दैन सन्तोषी मातालाई खुसी पार्न नियमपूर्वक उपवास बसिन्छ । काली महाकाली, जगदम्बा आदि इत्यादि देवीको नाममा प्रसस्तै व्रत बसिन्छ, उत्सव मनाइन्छ । तर दुःख लाग्दो कुरा आफ्नै घर, समाज, समुदाय र देशमा भएका नारीको थोरै भन्दा थोरै गर्नु पर्ने ख्याल पनि गरिँदैन । सम्मान इज्जत, र संरक्षणको कुरा परै जावस् । जुन नारी माता समान छिन् उनका लागि सम्मान, जुन नारी पत्नी, दिदीबहिनी, भाउजूबुहारी समानकी छन्, उनलाई इज्जत र जुन नारी छोरी समानकी छन्, उनका लागि संरक्षण गर्नुपर्छ । विडम्बना आफ्नी आमा, दिदीबहिनी र छोरीलाई त देवी नदेख्ने आँखाले अरूका आमा, छोरीचेलीलाई एउटा उपभोग गर्ने सामानको रूपमा देखेरै होला आजभोलि बलात्कारका खबरले कान सेकिरहन्छ । आखिर दोष कसको ?

बलात्कार एक गैरकानुनी यौन गतिविधि हो । विशेष गरी जबरजस्ती वा व्यक्तिको इच्छा विरुद्ध गरिने सर्मनाक सम्भोग हो । संसारभरि अनुमानित ३५ प्रतिशत महिलाहरूले आफ्नो जीवनकालमा यौन उत्पीडनको कुनै कुनै किसिमले अनुभव गरेका हुन्छन् । विश्वकै बलात्कार रिपोर्टमा उपलब्ध डाटालाई हेर्ने हो भने अत्यधिक घटना घट्ने देशमा ४० प्रतिशत भन्दा कम पीडितले मात्र सहयोग खोज्छन् । त्यसमा पनि १० प्रतिशत मात्र कानुनको दैलोसम्म पुग्छन् । ज्यादातर महिलाहरू पीडित भए पनि न्याय माग्दा आउने जोखिमबाट टाढा भाग्न चाहन्छन् । उनीहरू न्यायलाई चुनौतीपूर्ण रूपमा हेर्छन् । महिला हिंसा विरुद्ध कानुन त प्रत्येक देशमा हुन्छ तर किन लागु गर्न नसकिएको हो ?

तथ्याङ्कले १६-१८ वर्षका किशोरीहरू चार गुणा बढी र १८-२४ वर्षसम्मका कलेज पढ्ने किशोरीहरू तीन गुणाले यौन उत्पीडनको सिकार बनेको देखाउँछ । त्यस्तै तेस्रो लिङ्गी र शारीरिक अशक्तता भएकाहरू दुई गुणाले उत्पीडनमा भन्ने

तथ्याङ्क छ । यसरी बलात्कारको सिकार हुनेहरू ७० प्रतिशत चिनेजानकै व्यक्तिबाट पीडित हुने गरेको पनि तथ्याङ्कले बताउँछ । विश्वमा बलात्कारको दर उच्च हुने देशहरू दक्षिण अफ्रिका, बोट्सवाना, लेसोथो, स्विजरलैन्ड, बर्मुडा, स्विडेन, सुरिनाम, कोस्टारिका, निकारागुआ र ग्रेनाडा रहेका छन् । जसमध्ये सबैभन्दा बढी बलात्कार हुने देश दक्षिण अफ्रिकामा हरेक चार जना पुरुषमा तीन जनाले आफू बलात्कारी भएको स्वीकार गर्दछन् ।

बलात्कार विश्वव्यापी समस्या हो । दिनहुँ बलात्कारका घटनाहरू घट्नु विश्वका लागि र नेपालका लागि नियति भइसक्यो । विश्वमा दैनिक लाखौँ शिशुले जन्म लिन्छन्, लाखौँकै सङ्ख्यामा मानिसको मृत्यु पनि हुन्छ भने लाखौँकै सङ्ख्यामा महिलाहरू जघन्य हिंसाको सिकार हुन्छन् । संसारभर दैनदिन महिलामाथि हिंसा हुन्छ । हुनत विकसित भनिएका देशहरूमा पनि बलात्कारका घटना नहुने त होइन । तर नेपालमा पनि यस्ता घटनाको सङ्ख्या कम छैन । यहाँ प्रत्येक दिनजसो नाबालिका, बालिका, किशोरी, महिला, वृद्ध महिलामाथि दुर्व्यवहार एवं जघन्य अपराध भएका घटना सार्वजनिक हुन्छन् । एउटा राष्ट्रिय दैनिकले बलात्कार सम्बन्धी घटनाका तथ्याङ्कहरू प्रकाशित गरेको थियो । प्रहरी प्रधान कार्यालयको अभिलेखअनुसार यो आर्थिक वर्ष ०७६/०७७ मा जबरजस्ती करणीका १ हजार ९ सय ४५ वटा घटना भए । त्यसमा पनि साउन भदौ र असोजमा मात्र ५ सय ९१ वटा बलात्कारका घटना भएको महान्यायाधिवक्ताको कार्यालयले उद्धृत गरेको छ । दुःख लाग्दो कुरा घटेका घटनामा ३ सय ६८ जना बालिकाहरू बलात्कारको सिकार भएका छन् । कोरोनाको सुरुआती चरणमा क्यवारेन्टिन बस्दा महिला नै बढी प्रभावित भएका थिए । लकडाउन अवधिमा बलात्कारका घटना मात्रै १ सय ५५ वटा भए । सबैभन्दा बढी ३७ घटना प्रदेश ५ मा भएका छन् । प्रदेश १ मा २६, २ मा २५, वाग्मतीमा २०, कर्णालीमा १५ र सुदूरपश्चिममा १५ घटना भए । गण्डकीमा सात, काठमाडौँ उपत्यकामा १० घटना भए । बलात्कार उद्योगका ३१ घटना भए । सबैभन्दा बढी

घटना क्वारेन्टिनमा भएको देखिन्छ । साउन र भदौ महिनामा मात्र ४६ वटा बलात्कारको घटना घटेको समाचार पढ्नु परेको थियो । भलै यो अभिलेख एकवर्ष अघि भए पनि हत्याका घटनाहरू त अहिले पनि रोकिएका छैनन् । घटेका घट्यै छन् भनेपछि यो तथ्याङ्मा अवश्य बढोत्तरी हुनेछ भन्ने कुरामा दुईमत छैन ।

एउटा भयानक माहामारीले च्यापेर क्वारेन्टिनमा बस्न पुगेका धेरै महिलामाथि यौन दुर्व्यवहार भएका घटनाबाहिर आउँदा अपराध गर्ने पुरुषमाथि घृणा यति जागेर आउँछ कि आपराधिक मानसिकताभन्दा बाहेकका सबैले भन्छन्, 'किन नेपाल सरकारले यस्ता अपराधीलाई फासीको सजाय दिन सक्दैन ?'

घटना त्यहाँ मात्र कहाँ सकिन्छ र ? एउटी महिला सडकमा विक्षिप्त भएर हिँड्छिन् । उनी सुस्तमनस्थितिकी छन् । सडकमै उनको बलात्कार हुन्छ । त्यस्ता आमाबाट जन्मिएका बच्चालाई कयौँ अनाथ आश्रमले आश्रय दिइरहेका छन् । अर्की महिला कामकाजी छिन् । आफ्ना छोराछोरीका लागि जीविकोपार्जन गर्न काममा हिँड्छिन् । उनी कार्यथलोमा असुरक्षित छिन् । कोही किशोरी स्कुल कलेजमा असुरक्षित छिन् त कोही नाबालिका र बालिका कोक्रो र घरमै असुरक्षित छन् । के अब नारीले आफ्नो जीवनकालमा पटक पटक पीडित हुनैपर्ने दिन आएको हो ? यसबाट कुनै नारी अछुतो नरहने बेला आएको हो ? यो समयको प्रश्न हो नकी समयलाई गरिएको । महिलालाई संसारको कुनै पनि कुरादेखि डर छैन । डर छ त केवल व्यभिचारी पुरुषसँग ।

आजभोलि सहरदेखि गाउँसम्म नै वरपीपल छहारी देख्न मुस्किलले पाइन्छ । किनकि विकासे सडकको लहरमा ठुला ठुला शीतल दिने चौतारी मासिएका छन् । तर समाजमा रहेको पितृसत्तात्मको सोचका वटवृक्षहरू घरमा घरमा डेरा जमाएर बसेका छन् । यिनलाई चाहिँ चेतनाको स्तरले अझै ढलाउन सकेको छैन । जुन सुकै शताब्दी आए पनि सोचमा परिवर्तन भने

पटक्कै भएको छैन । अझ महिलाले नै पहरा दिएर संरक्षण दिइरहेका छन् भन्दा अतिशयुक्ति नहोला ।

महिला अधिकारकर्मीहरू पितृसत्तात्मक समाजको विरोधमा हुङ्कार गर्छन् । भन्छन् 'सत्ताले महिलालाई दोस्रो दर्जा दिएको छ' । महिलाका अधिकारमाथि अंकुश लगाएको छ भनेर भाषणमा भन्यो तर घरमा पुगेर यही सत्तालाई मलजल गरिरह्यो । परिणाम 'दुध पोखरीको ठाउँमा पानी पोखरी बन्यो ।' जुन महिला नियम कानुन बनाउनका लागि सत्तासम्मको बाटो तय गर्छन् तर मैदानमा पुगेपछि आफ्नो लक्ष्य नै भुल्छन् । अझै हामी एकाइसौँ शताब्दीका मान्छे पो हौँ भनेर धाक लगाउनुभन्दा बाहेक अरू केही भएन । यी भए 'पढेलेखेका हुँ' भन्नेहरूका कुरा । समाज त त्यति मात्र होइन । सत्तामा पुगेर हेर्ने हो भने सिङ्गो समाज त ठ्याक्कै विपरीत दिशामा पो छ । समाजका एक एक घरमा छ, विभेदको सत्ता । अनि पहरा दिइरहेका छन् महिलाले नै । महिलाहरूले 'यो त हाम्रो संस्कार, परम्परा हो । यसलाई मान्नुपर्छ । छोरी भनेका काचका चुरा जस्तै हुन् । जतिबेला पनि प्याट फुट्न सक्छन् । यानिकि इज्जत लिलाम हुन सक्छ' भन्दै छोरीलाई सबलीकरण गर्नुभन्दा निर्बलीकरण गर्दै गए । शिक्षित महिलाहरूले पनि उही संस्कार र परम्पराका बेतुके फेरो समाउदा चेतनाको नयाँ पालुवा पलाउनै पाएन । एका दुईले आवाज उठाए पनि उनीहरू 'कागको बथानमा बकुल्ला' जस्तै भएका छन् । 'सुतेकालाई उठाउन सजिलो हुन्छ, तर सुतेको नाटक गर्ने उठाउन अप्ठेरो' भन्ने त नेपाली उखानै छ । पढेलेखेका भनेकाहरू नै सामान्य तर्कको कसीमा राखेर सही र गलत ठम्याउन सक्दैनन् । त्यसैले बौद्धिक गरिबी भएको समाजमा झन् धेरै समस्या हुन्छ । समाजका भौतिक स्वरूप परिवर्तन भए पनि चेतनाको स्तर जहाँको त्यही मात्र छैन अझ रुग्ण बन्दै गएको छ ।

छोरी मान्छेले यो गर्नुपर्छ, त्यो गर्नु हुँदैन । यो गर्नु हुँदैन, त्यो गर्नुपर्छ भनेर सानैदेखि तालिम दिने काम गरिन्छ । एक घर दुई घर होइन, प्रत्येक घरमा तर सधैँ यस्ता कुराबाट उन्मुक्ति

मिल्छ छोरा मान्छेलाई । भनिन्छ, 'ऊ त छोरा मान्छे हो । उसले जे गरे पनि हुन्छ । छोरी मान्छे पो जोगिएर हिँड्नुपर्छ ।'

यस्ता डाइलग आफू बसेको समाजमा मैले जान्दादेखि सुन्दै आएकी हुँ । व्यक्तिगत रूपमा भन्नु पर्दा यस्ता डाइलग यो पङ्तिकारलाई प्रहार नभएका पनि होइनन् । त्यसले केही फरक पार्दैनथ्यो । तर बाल अनि किशोर मस्तिष्कमा सबाल भने धेरै आउने गर्थे, जबाफ मिल्दैनथ्यो । अरे बाबा ! बिगार छोरा मान्छेले गरे पनि इज्जत छोरी मान्छेको जाने ! यो कस्तो समाज हो हाम्रो ? धेरै पछि बुझेँ, यस्तो समाज नेपालको पूर्वदेखि पश्चिमसम्म नै फैलिएको रहेछ । छोरीलाई इज्जत र बेइज्जतको पाठ पढाउने समाजले छोरालाई सायद पढाउन भुल्यो । जे गरे पनि फरक पर्दैन भनेरै त होला यति अर्थहीन अस्तित्वमा उभ्याइयो कि उसले लाजसम्म मान्न जानेन । किनकि उसले आफ्नो अस्तित्व समाजको ऐनामा देखेन । त्यहाँ छोरी मान्छेका लागि असीमित छेकाबार भए पनि आफ्नो लागि केही नभएको दम्भ पालिरह्यो । कहाँ छु म, मेरो अस्तित्व खोइ भनेर खोजी पनि गरेन । बरु उल्टै त्यही 'छोरा मान्छे पो हुँ' भन्ने घमण्डको पगरी लगाएर ठडियो निर्लज्ज, समाजमा पुरुष भएर । जसलाई नारी जातिमाथि निर्वाध आक्रमण गर्ने मौलिक हक छ भन्ने जस्तै गरी ।

सबै छोरा मान्छेलाई भन्न मिल्दैन र भनेको पनि होइन । यो तिनै पुरुषप्रति लक्षित छ जसले अरूलाई आफू पुरुष हुनुमा लज्जा बोध गराई रहेका छन् । पाशविक मानसिकताको पराकाष्ठा नाघेकाहरूले समाजमा रहेका अन्य पुरुषलाई समेत 'म पुरुष हुँ' भन्न अप्ठ्यारो बनाइरहेका छन् । कसरी भयो हाम्रो समाज यस्तो ?

'कुण्ड कुण्ड पानी, मुण्ड मुण्ड बुद्धि' भन्ने नेपाली उखान प्राकृतिक हो । हुने त कुण्डअनुसार नै पानी हुन्छ र टाउकोअनुसारकै बुद्धि हुन्छ । तर कुण्ड र मुण्डलाई प्रभाव पार्ने बाह्य तत्त्व पनि हुन्छन् । त्यस्ता तत्त्वको पहिलो नम्बरमा पर्छ परिवार, दोस्रो नम्बरमा पर्छ विद्यालय र तेस्रोमा समाज । एउटा

नवजात शिशुले बाल्य, किशोर, प्रौढ, वयस्क र वृद्ध अवस्थासम्म पुग्दा यी तिनै नम्बरका अनगिन्ती मान्छेसँग सङ्गत गर्छ । हरेकसँगको सङ्गतबाट केही न केही सिकी रहेको हुन्छ ।

पहिलो गुरु आफ्नी आमाबाट परिवार नामको पाठशालामा धेरै कुरा सिक्छ । धेरै भन्दा धेरै समय आमासँग बिताउने उसले आफ्ना हरेक पाइलामा नयाँ र नौला कुरा सिक्छ । जे सिकायो त्यही सिक्छ र राख्छ, आफ्नो खाली दिमागका हरेक पानामा । ती खाली पाना परिवारका अन्य सदस्यले पनि ल्याकत र बौद्धिक तागत अनुसार भरिदेलान् । त्यसले पनि नपुगेर ऊ विद्यालय दौडिन्छ, अझ भनौं दौडाइन्छ । त्यहाँ गुरुबा गुरुमाबाट सिक्ला, साथीसङ्गीबाट सिक्ला । नजिकै रहेको समाजबाट सिक्ला । हो यो सिक्ने समयमा हामीले आफ्ना सन्तानलाई कस्तो शिक्षा र संस्कार सिकायौँ भन्ने परिणाम नै समाजको अवस्था हो । यसबाट कोही पनि भाग्न मिल्दैन । सबका सबले भाग लिनुपर्छ । छोराछोरीमा विभेद गर्न कसले सिकायौँ ? छोराहरूलाई नारीको सम्मान गर्न सिकायौँ ? छोरा छोरी एक समान हुन भनेर कहिल्यै देख्यौँ ? बिहान उठेदेखि बेलुका नसुतेसम्म छोराछोरीका कार्यतालिका हेर्दा छोरीभन्दा छोरा फुर्सदिला कसले बनायौँ ? छोरीहरूलाई इज्जतको डर देखाएर कमजोर कसले बनायौँ ? छोरीलाई आत्मरक्षाका लागि चाहिने हिम्मत हामी किन दिएनौ ? चरम बेइज्जत भोगेको छोरालाई  गल्तीको प्रायश्चित गर्न नलगाउने हामीमध्ये को हो ? यी सबै प्रश्नले एउटै जवाफ खोजेको छ, 'हामी' । त्यसैले कसैकी छोरी, बहिनी, दिदी, भतिजी, आमा बलात्कृत हुँदा आ, हामीलाई कसैले केही गरेको छैन । अरूलाई जेसुकै होस् भनेर बेवास्ता गर्दैमा समस्याबाट मुक्त हुन सकिँदैन । हाम्रो समाज विकृत हुँदै जानुमा हाम्रै हात छ । हामीले नै यावत् कुरालाई प्रत्यक्ष र अप्रत्यक्ष दुबै रूपमा पृष्ठपोषण गरिरहेका हुन्छौँ ।

अब सरकार खोज्न सिंहदरबार पुग्नु पर्दैन । सिंहदरबार नै गाउँ गाउँमा छ । यसको मतलब जनतासँगको सरकारको दुरी नजिकै छ । सरकारको अभिभावकत्व आँखै अगाडि देख्न सकिन्छ ।

जनताका दुःख, पीडा र अप्ठ्यारोलाई हातैले छोएर मलमपट्टी गर्न सकिन्छ । सुरक्षा दिन सकिन्छ । सरकार जनताकै वरिपरि छ भनेर महसुस गर्न पाइन्छ । यसो हो भने किन स्थानीय सरकारले प्रत्येक विद्यालयसँग समन्वय गरेर महिला हिंसाका विषयमा छुट्टै चेतनामूलक कार्यक्रम सञ्चालन गर्दैन ? किन महिलालाई अत्यावश्यक आत्मरक्षाका प्रशिक्षणहरू दिन आवश्यक ठान्दैन ? यदि यस्ता कार्यक्रमहरू विद्यार्थीमार्फत घर घरमा पुऱ्याउन सकियो भने समाजको कायपलट त नहोला थोरै भए पनि हिंसाका घटना घट्दै जालान् । विस्तारै विस्तारै आत्मरक्षाको विधि ठिक हो जस्तो लागेपछि सबैले अपनाउन थाल्नेछन् । यस्ता कार्यक्रम झट्ट हेर्दा महिलामुखी भए पनि पुरुषसँगको सहकार्य अभिन्न हो भन्ने हामीले भुल्न हुँदैन । पहिला पुरुषलाई नै हिंसाको बाटोमा नलाग्नको लागि अभिप्रेरित गर्नुपर्छ । त्यसपछि यदि हिंसा भइहाल्यो भने कसरी आत्मरक्षा गर्ने भनेर महिलालाई सिकाउन सक्नुपर्छ ।

हिंसाले पीडित भएका व्यक्ति वा परिवारलाई अहिलेसम्मको इतिहास हेर्दा न्याय मिल्न अत्यन्त गाह्रो छ । अझ न्याय मिल्दैन मिल्दैन भन्दा उपयुक्त होला ।

विभिन्न बैठक, सभामा बालिका बलात्कारजस्तो जघन्य अपराधमा संलग्न अपराधीलाई कडाभन्दा कडा सजाय माग भइरहेको हुन्छ । नेपालमा जस्तो सुकै अपराध गरे तापनि सजाय हुदैन, अपराधीले उन्मुक्ति पाउँछन् भन्ने छ । तर यस्ता जघन्य अपराधका लागि सजायको व्यवस्था छ । करणी सम्बन्धी कसूर मुलुकी अपराध संहिता, २०७४ अनुसार बलात्कार गर्नेलाई निम्न सजाय तोकेको छ- १० वर्षभन्दा कम उमेरकी बालिका, पूर्ण अशक्त, अपाङ्गता भएका वा ७० वर्षभन्दा बढी उमेरका महिला भए जन्मकैद सजाय हुने व्यवस्था छ । १० वर्ष वा १० वर्षभन्दा बढी १४ वर्षभन्दा कम उमेरकी बालिका भए पीडकलाई १८-२० वर्षसम्म कैद हुन्छ । १४ वर्ष वा १४ वर्षभन्दा बढी १६ वर्षभन्दा कम उमेरकी बालिका पीडित भएकी भए १२-१४ वर्षसम्म कैद हुने हुने व्यवस्था छ । १६ वर्ष वा १६ वर्षभन्दा बढी १८ वर्षभन्दा

कम उमेरकी महिला भए १०-१२ वर्षसम्म कैद हुन्छ भने १८ वर्ष वा १८ वर्षभन्दा बढी उमेरकी महिला भए ७-१० वर्षसम्म कैद हुन्छ । वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा पतिले पत्नीलाई जबर्जस्ती करणी गरे ५ वर्षसम्म कैद हुने कानुनी व्यवस्था रहेको छ । कानुन हुँदाहुँदै घटनालाई छोपछाप पार्ने र मिलेमतो गर्ने प्रवृति समाजमा हावी भएको हुनाले बलत्कारका शृङ्खला रोकिन सकेका छैनन् ।

तिस पैँतिसको दशकसम्म छोरी मान्छेले पढ्नु भनेको विकृति हुन्थ्यो । छोरीले पढ्नु हुँदैन भन्ने थियो । हाम्रा हजुरआमा र आमाहरूले पढ्न पाएनन् तर आज छोरीले पढ्नु हुँदैन भनेर कसैले पनि भन्दैन । छोरी स्कुल स्वतन्त्र भएर जान सक्छिन् । अब पढाइले मात्र छोरीको सुरक्षा सम्भव छैन । छोरी आफ्नो रक्षक आफै बन्नुपर्छ । आफ्नो आत्मारक्षा गर्न सक्ने सुरक्षा कवच प्राप्तिका लागि परिवार, समाज र राष्ट्रले सहयोग गर्नुपर्छ । अनि मात्र नारी सुरक्षित हुन सक्छिन् ।

मोलुङ ज्ञानप्रवाह लगायत मोलुङ फाउन्डेसनका अन्य प्रकाशन मार्फत बालबालिका, किशोर-किशोरी, युवा-युवती लगायत देश विदेशमा रहेका समग्र नेपालीलाई सिर्जनशील, सचेत, र जागरुक बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने कुरामा संस्थालाई पूर्ण सफलता मिलोस् । हार्दिक शुभकामना !

प्रधानध्यापक
तथा समस्त विद्यालय परिवार
लेती मा. वि. लेती, ओखलढुङ्गा

# प्रकोप : प्राकृतिक कि मानवीय ?



समीर आचार्य

नेपालमा प्रत्यक वर्ष मनसुन सुरु हुनासाथ बाढी, पहिरो, भूक्षय, र कहिलेकाहीँ अकस्मात् तबरले अन्य किसिमका प्राकृतिक प्रकोपका समाचार आउनु, नेपाली जनताका लागि सामान्य जस्तो भइसक्यो । सधैँ एउटै समाचार र एकै किसिमको वास्तविक यथार्थ भोग्दै गर्दा नेपाली जनता, नेपालको सरकार र सम्बन्धित निकाय र तिनका पदाधिकारीहरूमा सामान्य गम्भिरता देखिएको पाइँदैन र यी प्रत्यक वर्ष आउने समस्यालाई प्राकृतिक प्रकोपको बाहनामा विपदपछिको राहात तथा उद्धार र उपयुक्त बजेट असारे विकासमा खर्च गर्ने प्रचलन नयाँ हो न त भविष्यमा नै यस्ता कृयाकलापको अन्त्य हुने अपेक्षा नेपाली नागरिकले गरेका होलान् ।

देशमा आइपर्ने विपद, यस्ता विपादको पूर्वतयारी र क्षतिको न्यूनीकरणका लागि जिम्मेवार गृहमन्त्रालयसँग उपयुक्त कार्यदिशा र रणनीति नहुँदा वार्षिक हजारौँ नागरिकको ज्यान र अरबौँको धन सम्पत्तिको क्षति सहन नेपाल बाध्य छ । प्राकृतिक प्रकोप भन्दै सधैँजसो एक या दुई घटनाहरूलाई सामान्यीकरण गरिरहँदा एकपटक मानवीय संवेदनाको प्रयोग गरेर हामीले यी र यस्ता धटनाहरूमा गहनरूपमा छलफल गर्नुपर्ने आवश्यकता देखिन्छ र क्षतिको प्रकृतिलाई विश्लेषण गरेर आइपर्ने विपत्तीहरू कति प्राकृतिक र कति मानवीय भन्ने कुराको सूक्ष्म विश्लेषण गर्नु अपरिहार्य दोखिन्छ ।

मानिस जसरी जन्मदेखि मृत्युसम्मको चक्रमा जीवन निर्बाह गर्दछ, त्यसैगरी सम्पूर्ण प्रकृति पनी आफ्नै चक्रमा चलिरहन्छ । प्रकृति र मानवीय सभ्यताको सञ्चालन दुई पक्षबिचको सहस्वीकार्यताबाट नै प्राप्त भएको मानिन्छ र मानिस आफैँ पनि प्रकृतिको एउटा सानो अंश हो । तर, दिन प्रतिदिनको मानव जनसङ्ख्या वृद्धिसँगै, बिस्तारै मानिस प्रकृतिभन्दा टाढा जाने क्रम बढेको पाइन्छ । बढ्दो जनसङ्ख्या, एक्काइसौँ शताब्दीमा बदलिएको मानवीय स्वभाव र यान्त्रिक विकासले मानिस र प्रकि्तिको अन्तरद्वन्द्व बढेको आकलन गर्न सकिन्छ जसले गर्दा विश्वभरि नै प्राकृतिक प्रकोपले जनधनको क्षतिको दर दिन प्रतिदिन बढ्दै गएको प्रतिवेदनहरू पाइन्छन् ।

वैज्ञानिकहरूको विभिन्न शोध र अनुसन्धानले पृथ्वीको आयु करिब ४.६ अर्ब वर्ष भएको मानिन्छ र मानिसहरूको उत्पत्ति चाहिँ मात्र करिब २० लाख वर्ष र आघुनिक मानव या होमोसेपियन्स मानवको विकास भएको करिब २ लाख वर्ष मात्र भएको छ । पृथ्वीले यी वर्षहरूमा आफूलाई निर्जन ग्रहबाट प्राथमिक जीवनदेखि मानिसको आफैँमाथिको चरम दोहनसम्मको यात्रामा धोरै स्वरूप र व्यवहारमा परिवर्तन गरिसकेको छ । प्रारम्भिक पृथ्वीको रूप जस्तो थियो, आज त्यस्तो पक्कै छैन । २२५० लाख वर्षअगाडि पृथ्वी एउटा सिङ्गो जमिनको ढिक्को थियो, जसलाई पेन्जिया नामकरण गरिएको छ ।

कालान्तरमा पेन्जिया २००० लाख वर्षअगाडि क्रमिकरूपमा गोन्डुवाना र लैरोसियामा २ भागमा विभाजित भए र यस्तै तबरले आजका दिनमा पृथ्वी ७ भागमा टुक्रिएको छ । यो पृथ्वी टुक्रने प्रक्रियालाई वैज्ञानिकहरू प्लेट टेक्टोनिक मुभमेन्ट भन्ने गर्दछन् । जसलाई सामान्य भाषामा पृथ्वीको भित्री तहको राप र ताप अझ भनौँ तापक्रम र चापको कारणले पैदा हुने शक्तिद्वारा जमिनको टुक्रा एक आपसमा दूरी कायम गर्नु वा नजिकिने प्रक्रिया हो ।

यही प्रक्रियामार्फत सञ्चय हुने शक्ति भूगोलको कुनै भागमा वर्षौंसम्म चट्टानलाई दबाब दिएर बसेको हुन्छ र जब चट्टानले सञ्चय गरेको शक्तिलाई आफूले सहन सक्दैन चट्टान फाट्न गई

दरारहरूको सिर्जना हुन्छ र दरार बन्ने प्रक्रियामा लागेका शक्ति पृथ्वीको विभिन्न सतहबाट छाल जस्तै ढाँचा बनाएर छरिने गर्छ । यसै प्रक्रियाबाट महसुस हुने विपत्तीलाई नै हामी भूकम्प भन्दछौँ । स्मरण रहोस् भूकम्पले कहिल्यै पनि जनधनको क्षति गर्दैन, क्षति त मानिसले बनाएका संरचना र आफू बस्न छनोट गरेका स्थानहरूको कमजोरीले हुने गर्दछ ।

जसरी टेक्टोनिक प्लेटको स्थानान्तरणले गर्दा पृथ्वी बदलिएको छ त्यसरी नै हाम्रा हिमाल पाहाडदेखि समुद्रसम्मले पनि समयअनुसार आफूलाई पविर्तन गरेको पाइन्छ जसको ज्वलन्त उदाहरण सगरमाथा रहेको छ । अध्ययनअनुसार सगरमाथाको शिरमा पाइने चट्टान चुनढुङ्गा हो र चुनढुङ्गा केवल समुद्रमा बन्ने गर्दछ र आजको दिनमा सगरमाथानजिक समुद्रको कल्पना गर्नसम्म पनि सकिँदैन तर सम्पूर्ण वैज्ञानिक तथ्यलाई आघार मान्दा सबै तथ्याङ्कहरूले यस स्थानमा कुनै समयमा टेथिस नामकरण गरिएको समुद्र थियो भन्ने वैज्ञानिकहरूको दावी छ तर यो कसरी हुन्छ त ? प्रश्न स्वाभाविक हो ।

आजको हाम्रो वरिपरि हेर्ने हो भने हामीले प्राय माटो भेट्छौँ र कतिपय ठाउँमा चट्टान । विशेषगरी माटामुनि, खोलाहरूको भित्ता, नयाँ काटिएका सडकहरूका भित्तामा चट्टान सामान्य रूपमा भेटिने गर्छ । यी सामान्य हेराइले के कुरा सजिलै बुझ्न सकिन्छ भने माटो भनेको चट्टान कुहिएर बनेको तत्त्व हो । अनि खोला छेउका चट्टानले निर्देश गर्ने कुरा भनेको त्यहाँ उत्पन्न भएको माटो खोलाको पानीले बगाउने कुरा स्पष्ट हुन्छ । यो क्रियालाई भौगर्भिक भाषामा Weathering and erosion भनिन्छ । लामो समयसम्म भौतिक तथा रासायनिक प्रक्रियाले गर्दा उत्पन्न भएका माटोजन्य तत्त्वहरू एक स्थानबाट अर्को स्थानसम्म पुग्नुलाई sedimentation भनिन्छ ।

सामान्यतया यस्तो सेडिमेन्टेसन समुद्रमा हुने गर्दछ र यो प्रक्रिया आजको दिनमा हेर्ने हो भने नेपालको तराई भागमा देख्न सकिन्छ

भने सिबलिक वा चुरे क्षेत्रमा चाहिँ sedimentation पछाडि हुने चट्टानको नवनिमार्ण देख्न सकिन्छ । चट्टानको विघटन र नवनिमार्ण गर्नुमात्रले कुनै समयको समुद्र आजको सर्वच्च शिखर भयो भन्न खोजिएको होइन । यस क्रियाको निमित्त अर्को प्रमुख कारण चाहिँ tectonic movement नै हो । ५०० लाख वर्षअगाडिदेखि दक्षिणी भूभागबाट Indian tectonic plate उत्तरतर्फको विशाल एवम् कडा Eurasian plate मा आजपर्यन्त दबाब दिइरहेको छ ।

यही क्रियाका कारण सन् २०१५ अप्रिलपछाडि सगरमाथाको उचाइ नाप्दाखेरि ०.८६ मिटर उचाइ बढेको खबर सार्वजनिक भएको छ । Indian tectonic plate ले उत्तरबाट दिएको दबावले गर्दा नेपाललगायत हिमालय क्षेत्रमा बेलाबखतमा भूकम्प जाने गरेको छ । यो दबाबकै कारण हिमालय क्षेत्रका चट्टानहरू कमजोर हुने गर्दछन् र सजिलै weathering and erosion हुने गर्दछ र यहाँको भूगोल अरू ठाउँभन्दा चाँडो परिवर्तन भएको अनुसन्धानबाट पुष्टि हुन्छ ।

तुलनात्मक नवनिर्मित भूधरातलको हिमालय शृङ्खला विभिन्न कारणले कमजोर भएकै कारणले र Indian plate वार्षिक ५ से.मी. का दरले उत्तरतर्फ सर्दैगरेकाले र अग्ला चुचुरा अनि भिरालो जमिनहरूको दबदबा भएकोले यहाँ पहिरो कुनै नयाँ आपत्ति पक्कै होइन । अझ मनसुनमा करिब ३ महिनामा पर्ने एक तिहाइ वर्षातले पनि पहिरो आउन सहजीकरण गर्दछ । यहाँका खोलानालाको कटानले पनि बेलाबखतमा पहिरो जाने गर्दछ भने पहाडले आफ्नो ज्यामितिक कोण स्थीर राख्न नसक्नाले पनि पहिरोको प्रकोप खेप्नु पर्ने हुन्छ । अझ कतिपय पहिराहरू चट्टानका दरारहरूभित्र पानी जम्मा भएर चिसोमा बरफ अनि तातोमा पानी बनेर चट्टान कमजोर बनाएर पनि आउने गर्दछन् ।

पहिरो आफैंमा निकै जटिल विषय भएकोले एकै किसिमको पहिरोको कारण फरक हुन सक्दछ ।

पहिरोकै कारणले निम्त्याउन सक्ने अर्को विपद हो बाढी । कुनै नदी या खोलाले आफ्नो किनार कटान गऱ्यो र त्यसबाट पहिरो गएमा नदीमा पहिराका चट्टान, ढुङ्गा, माटो र अन्य सामग्रीले नदीको बहावलाई रोकेमा त्यस ठाउँमा बाढी जाने सम्भावना अधिक हुन्छ । त्यस्तै यदि सोही स्थानबाट पानी एक्कासि निकास भएमा नदीको पानीको बहावमा वृद्धि भई तल्लो तटीय क्षेत्रलाई डुबान गराउन सक्छ । साथै यस्ता घटनामा पहिराको पानी आकलन प्रसस्तै गर्न सकिन्छ । हिमालय शृङ्खलामा पाइने हिमताल फुटेमा, अतिवृष्टि, पहिरो र अन्य कारणबाट बाढीको जोखिम सधैँ हिमालय क्षेत्रमा विशेष गरी तराई क्षेत्रमा अत्यधिक देखिन्छ ।

अतः माथि छलफल गरिएका विषयहरू सारमा प्राकृतिक प्रकृयाबाट जाने विषदका सामान्य रूपरेखा मात्र हुन् । यी उल्लिखित प्रकृया हिमालय क्षेत्रको विकासको नमुना हो जसबाट आज पनि हिमालयले क्रमिक रूपमा आफूलाई परिर्वतन गरिरहेको रहस्य उजागर गर्न सकिन्छ । यो प्रकृया यस क्षेत्रको भौगर्भिक चक्र हो जसविना हिमालय आफ्नो अस्तित्व कायम राख्न सक्दैन र यस क्षेत्रको वातावरण र पर्यावरणको हित सुनिश्चितता पनि हुँदैन ।

यस अर्थमा यस्ता प्रकोप मानिसका लागि अनुपयोगी छन् भन्नु पक्कै न्यायोचित होइन । यस्तै प्रकोपहरूले गर्दा हिमालयमा बस्ती बस्न लायक स्थान बनेका छन् । उदाहरणका लागि नाम्चे बजार पुरानो पहिरोमा बसेको बस्ती हो र धेरै नेपाली बस्तीहरू प्रकोपकै देन हुन् । यसैगरी पहिरो र बाढीका कारण खोतीयोग्य जमिनहरूको उत्पत्ति हुन सक्छ र कडा चट्टान मात्र पाइने ठाउँमा माटाको निर्माणमा सहयोगी हुन्छ ।

**अन्त्यमा प्रकोप, प्राकृतिक कि मानवीय ?**

अवश्य पनि प्रकोप प्राकृतिक सिद्धान्तै हो तर यसबाट मानवीय क्षति के र कति भन्ने नितान्त मानवीय दृष्टि र सैद्धान्तिक कोणमा

निर्भर गर्दछ । प्रकोपलाई मानिसले टार्न त पक्कै सकिँदैन तर उपचार गर्नुभन्दा रोकथाम गर्नु नै राम्रो हो भन्ने कुरा बुझ्नु जरुरी छ ।

मानिसको आधुनिकता र विकासले गर्दा मानिसले प्रकृतिको भोगचलन एकलौटी जस्तै गर्ने गरेको छ । अझ भन्दा मानिसले प्रकृतिअनुसार चलायामान संसारलाई आफूअनुसार चलाउन सफल भइसक्यो जसकारण बेलाबखतमा मानिस र प्रकृतिको बिच अन्तरद्वन्द्व प्रकोप र विपदको रूपमा देखिरहन्छ । मानिसले आजसम्म गरेको प्रगतिको मूल रहस्य भनेको अनुभवमा आधारित ज्ञान हो र ज्ञानको समुचित आदानप्रदान । प्रकृतिको विस्तृत अध्ययनबाट हासिल उपलब्ध सिपमाथि यान्त्रिकीकरणको साथ पाएपछि भने मानव र प्रकृतिको कलह बढेको दोखिन्छ ।

आजको दिनमा नेपालमा आउने प्राकृतिक विपत्तिहरू पनि यसै किसिमको अन्तरकलह होइन भन्ने यथेष्ट प्रमाण छैन । सन् २०१५ को भूकम्प त अवश्य प्राकृतिक हो तर जन र धनको क्षति भने हाम्रो कमजोर भौतिक संरचनाहरूले गर्दा हुन पुग्यो । बेलाबखतमा आउने पहिरोमा पनि कतै हाम्रै कमजोरी छ कि ? यो प्रश्न मननीय छ । पुस्तौंदेखि भोगचलन गर्दैआएको भूभागमा प्रकृतिले के सङ्केत गरिरहेको छ भन्ने हामी बुझ्न सक्दैनौं । परम्परादेखि गरिने खेती प्रणाली कत्तिको वैज्ञानिक छ सरकारसँग कुनै तथ्याङ्क हुँदैन ।

कमजोर भूगोलमा विनाप्राविधिक अध्ययन बाटो, कुलो अनि विभिन्न विकास गर्नमात्र अघि सर्ने गर्छौं हामी अनि हाम्रो स्थानीय प्रशासन । बाढीको समस्या त नितान्त मानिसको गल्तीले हुने गरेको पाइन्छ । अव्यवस्थित सहरीकरण, खोलानाला मिचेर घर बनाउनु, खोलाको प्राकृतिक बहाबमा रोकावट गर्नु, बाँधको विकास गर्नु आदि कामले प्रकोपलाई निम्तो सधैँ दिइरहन्छ ।

आजको युगको विशेष चिन्ता भनेको बिस्तारै बढ्दैगएको पृथिवीको तापक्रम पनि हो । जलवायु परिवर्तनले हिमाली क्षेत्रलाई विशेष प्रभाव पार्ने दोखिन्छ । हिमालहरूको हिउँ पग्लिने क्रम बढ्दै जाँदा

हिमताल विस्फोट भएमा अवस्था गम्भीर हुन सक्छ । तसर्थ, नेपाल एवम् हिमालय शृङ्खलामा प्राकृतिक प्रकोपबारे सटीक विचार मन्थन हुन सक्दैन किनभने यहाँ हुने प्रकोपहरूको प्रकृति ठाउँ विशेष फरक हुन्छ । एक किसिमको प्रकोप अर्कोसँग अन्तरनिहित छ र यहाँ तथ्याङ्कको कमीसँगै अध्ययन अनुसन्धान र वित्तीय अनुदानको पनि खडेरी देख्न सकिन्छ जसले गर्दा विपद व्यवस्थापन नेपालीका लागि सधैँ चुनौतीका रूपमा रहिरहन्छ ।

मोलुङ ज्ञानप्रवाह लगायत मोलुङ फाउन्डेसनका अन्य प्रकाशन मार्फत बालबालिका, किशोर-किशोरी, युवा-युवती लगायत देश विदेशमा रहेका समग्र नेपालीलाई सिर्जनशील, सचेत, र जागरुक बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने कुरामा संस्थालाई पूर्ण सफलता मिलोस् । हार्दिक शुभकामना !

प्रधानध्यापक
तथा समस्त विद्यालय परिवार
त्रिवेणी नमुना मा. वि. कटारी, उदयपुर

मोलुङ ज्ञानप्रवाह लगायत मोलुङ फाउन्डेसनका अन्य प्रकाशन मार्फत बालबालिका, किशोर-किशोरी, युवा-युवती लगायत देश विदेशमा रहेका समग्र नेपालीलाई सिर्जनशील, सचेत, र जागरुक बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने कुरामा संस्थालाई पूर्ण सफलता मिलोस् । हार्दिक शुभकामना !

प्रधानध्यापक
तथा समस्त विद्यालय परिवार
जनता मा.वि. गुराँसे, उदयपुर

*विचार/चिन्तन*

# मान्छेको मृत्यु



चिराग चैतन्य

मान्छे गरिबीले मर्दैन भलै चाहेजस्तो जीवन नहोस् । सङ्घर्ष गर्छ । जीवन बदल्न खोज्छ । विभिन्न उपाय गर्छ । परिश्रम गर्छ । कमाउन खोज्छ । केही उपाय नलागे माग्छ । चोर्ला । अनैतिक (?), अवैधानिक र गैरकानुनी बाटो समाउला- जीवन परिवर्तन गर्न । जे जे आइपर्छ- भोग्ला तर मर्दैन । गरिब नै बाँच्ला । गुमनाम बाँच्ला । बदनाम बाँच्ला । बाँच्न चाहिँ बाँच्छ । मर्दैन । अहँ- मर्दै मर्दैन ।

मान्छे निराशाले मर्छ- जीवन जरिसुकै सुखी होस् । आशा टुट्नुले मर्छ । जीवनमा उज्यालो नभेटिनुले मर्छ । नाम, धन, पद, प्रतिष्ठा, सामाजिक हैसियत, पारिवारिक प्रेम, साथीभाइ सबै सबै बलियो निराशाका अगाडि केही लाग्दैनन् । व्यक्तिको मनैभित्रबाट अङ्कुराएर मनैभित्र झाँगिने निरासा यति शक्तिशाली हुन्छ कि यसले उक्त व्यक्तिलाई अँध्यारो सुरुङभित्र लगेर जाक्छ, किंकर्तव्यविमूढ बनाइदिन्छ, बेचैन, अशान्त, अधीर र अस्थिर बनाइदिन्छ । खुसी र आशाको एक झिल्का सम्म आउन दिँदैन जीवनमा । मान्छेले

जीवनलाई बेकार सम्भिन्छ, बोभ्क सम्भिन्छ, पीडा सम्भिन्छ, सारहीन सम्भिन्छ, दुःखको कारक सम्भिन्छ र यसबाट भाग्न प्रयास गर्छ;मुक्ति चाहन्छ । प्रतिफल - अनपेक्षित अन्त्य जीवनको ( बाँच्नेहरूलाई, आफन्तहरूलाई) ।

भौतिक सम्पन्नताको खोजीमा भौतारिरहेको वर्तमान दुनियाँमा बाहिरबाट चमकधमक देखिएपनि आजको मान्छेको नियति फरक छ । ऊ एक्लो छ । निरास छ । पीडित छ । रोगी छ (मानसिक रूपमा) । विक्षिप्त छ । क्लान्त छ । मलिन चेहरा लुकाउन विभिन्न कस्मेटिकको प्रयोग गरेपनि त्यसले निरासा हटाउँदैन । कृत्रिमताले जीवनलाई धनी बनाउन कसरी सकोस् । मनको बादल कसरी फाटोस् । आशाको चिराग कहाँबाट सल्कियोस् । परिणाम-डिप्रेसन, अनिद्रा, चिडचिडाहट, बेचैनी, डर, निरासा, ड्रगको शरण र अनपेक्षित रूपमा जीवनको अन्त्य ।

तसर्थ, समाजका जिम्मेवार व्यक्ति र संस्थाहरू अभ्क जिम्मेवार बन्न, संवेदनशील बन्न र चनाखो बन्न जरुरी देख्छु । पूर्वीय संस्कृतिको धरोहरको रूपमा रहेको पारिवारिक प्रेम, सद्भाव, माया, प्यार र सुरक्षाको भावलाई अभ्कै बढाउन जरुरी ठान्छु । गरिबी हटाउने कैयौँ नीति, योजना, कार्यक्रम हुँदाहुँदै गरिबी त छ, तर खै निरासा हटाई मान्छेलाई (मान्छेहरूलाई) नयाँ जीवनको आशा देखाउने कुनै नीतिगत, संस्थागत, कार्यक्रमगत ब्यबस्था? यो हुनु अत्यन्त जरुरी ठान्छु । किनकि गरिबीले मारिहाल्दैन, जीवनको अन्त्य गराइहाल्दैन; उठ्न/ उठाउन सकिन्छ गरिबीबाट तर निराशा ? यसले बाँच्न दिँदैन- मार्छ । सास फेर्न दिँदैन- घाँटी समाउँछ, निस्सासिन्छ मान्छे निराशाले । प्रतिफल- जीवनको हठात् अन्त्य ।

अन्त्यमा, निराश मनहरूलाई बेलैमा चिनौँ । सुन्ने गरौँ मान्छेहरूलाई । आत्मीयताको भाव जगाऔँ । पारिवारिक संस्कार

हाम्रो प्राण हो, जीवन हो; जगेर्ना गरौँ । आधुनिक र स्वतन्त्र हुने नाममा आफैंलाई नबिर्सौं । कतै पुगिन्न । केही भेटिन्न सिबाय कुण्ठा, निराशा र निस्सारता । धनको मात्र धनी र मनको गरिब भएर सुख त होला खुसी भइन्न । खुसी नभई बाँच्नुको अर्थ भेटिन्न । तसर्थ, मनको धनी बनौ । आध्यात्मिक, नैतिक, पारिवारिक र सामाजिक मूल्य- संरचनाको संवर्धन गरौँ । युवा पुस्तालाई आशाले भरिपूर्ण उज्यालो र ऊर्जावान भएर प्रफुल्ल मन लिई बाँच्न अभिप्रेरित गरौँ । अस्तु ।

:

मोलुङ ज्ञानप्रवाह लगायत मोलुङ फाउन्डेसनका अन्य प्रकाशन मार्फत बालबालिका, किशोर-किशोरी, युवा-युवती लगायत देश विदेशमा रहेका समग्र नेपालीलाई सिर्जनशील, सचेत, र जागरुक बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने कुरामा संस्थालाई पूर्ण सफलता मिलोस् । हार्दिक शुभकामना !

प्रधानध्यापक
तथा समस्त विद्यालय परिवार
कालिका मा.वि. देउराली, रामेछाप

मोलुङ ज्ञानप्रवाह लगायत मोलुङ फाउन्डेसनका अन्य प्रकाशन मार्फत बालबालिका, किशोर-किशोरी, युवा-युवती लगायत देश विदेशमा रहेका समग्र नेपालीलाई सिर्जनशील, सचेत, र जागरुक बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने कुरामा संस्थालाई पूर्ण सफलता मिलोस् । हार्दिक शुभकामना !

प्रधानध्यापक
तथा समस्त विद्यालय परिवार
सेतीदेवी मा.वि. सालुपाटी, रामेछाप

*अन्तरक्रिया*

# नेपालको सुन्दर भविष्यका लागि बालसाहित्यको प्रवर्धन आवश्यक छ



प्रा . डा . ध्रुव घिमिरे

*२०१६ साल असार ७ गते, पिता जीवनाथ घिमिरे र माता भीमादेवीका चौथो सन्तानका रूपमा नुवाकोटको थानसिङमा जन्मिनु भएका प्रा. डा. ध्रुव घिमिरे नेपाली बालसाहित्यका क्षेत्रमा परिचित नाम हो । आफ्नो सम्पूर्ण जीवन अध्ययन र अध्यापनमा बिताउनु भएका उहाँले लामो समय सरस्वती क्याम्पसमा प्राध्यापन गर्नुभयो । उहाँले झन्डै चालिस वर्षको साहित्यिक यात्रामा करिब पाँच दर्जन कृतिहरू सिर्जना गरी नेपाली बालसाहित्यमा विशेष योगदान पुऱ्याउनु भएको छ । हाल उहाँ नेपाल बालसाहित्य समाजका अध्यक्ष हुनुहुन्छ । यो अङ्कमा मोलुङ फाउन्डेसनले प्रकाशन गर्ने मासिक शैक्षिक पत्रिका मोलुङ ज्ञानप्रवाहका लागि सम्पादक इन्दुअंशुले बालसाहित्य सम्बन्धी उहाँसँग गर्नुभएको अन्तरक्रियाको सम्पादित अंश :*

## बालबालिका बिनाको जीवन कस्तो हुँदो हो ? मानव जीवनमा बाल्यकालको महत्त्व र प्रभाव कस्तो रहेको हुन्छ ?

पक्कै पनि बालबालिकाविहीन संसारको कल्पनै गर्न सकिन्न । त्यस्तो जीवन नीरसमात्र हुने थिएन अपितु यो सृष्टि यहाँसम्म आइपुग्ने नै थिएन । सन्तनका लागि भनेर अभिभावकले आफ्नो जीवन नै रित्याएका हुन्छन् । त्यसैले पनि मानव जीवनमा बालकालिकाको स्थान महत्त्वपूर्ण रहेको छ नै । यसका साथै आज हामी जे छौँ, त्यो सबै बालापनको उपज हो । हामीले बालापनबाट भाषा मात्र सिकेनौ, भाषासँगै संस्कार संस्कृति लगायत सामाजिक सद्भाव, व्यावहारिक ज्ञान, सिपसमेत यावत् आधारभूत कुरा पनि त्यही वयबाट नै प्राप्त गरेका हौँ । उदाहरणका लागि वयस्क भएपछि मान्छे नास्तिक होला तर बाल्यकालमा उसले केही दुःख, अप्ठ्यारो पर्दा भन्ने गरेको 'हे भगवान ! हे इश्वर !' अहिले उसको मुखबाट अनायास नै फुस्किन सक्छ । त्यसको कारण के हो भने त्यो कुरा भाषाका माध्यमबाट उसको संस्कार बनिसकेको हुन्छ ।

## बालबालिकालाई आजको विश्व परिवेशमा कसरी हेरिन्छ ? हिजो र आजमा के फरक छ ?

प्राकृतिक रूपमा केही पशुदेखि मानिससम्ममा बालबालिकालाई बुवा आमा लगायत परिवारका सदस्यले दिने बात्सल्यपूर्ण माया ममतामा विश्वभरि नै एकरूपता त छँदैछ । समाजमा बालापनको उच्च स्थान र महत्ताको प्रतिस्थापनका दृष्टिले हेर्ने हो भने तुलनात्मक रूपमा पहिलेको समयमा यसलाई कम महत्त्व दिइएको देखिन्छ । बालबालिका सहित महिलालाई पनि अलि उपेक्षित दृष्टिले हेरिने गरिएको पाइन्छ । श्रमका दृष्टिले हेर्दा उत्पादनमा योगदान दिन नसक्ने जनसङ्ख्यामा बालबालिका र महिलालाई लिइन्थ्यो । अझै समाजमा 'केटाकेटी आए, गुलेली खेलाए, मट्याङ्ग्राको सत्यानास ।' 'यो केटाकेटीको खेल हो र ?' भन्ने जस्ता उखानले पनि बालबालिकाप्रतिको सामाजिक उपेक्षित

भावलाई व्यक्त गरेको छ । यस्तो अवस्था नेपालमा मात्र होइन विश्वका धेरै मुलुकमा थियो । तर सत्रौं, अठारौँ शताब्दीतिर आएर बालपनलाई महत्त्व दिन थालियो । बालपनलाई जीवनको आधारशीलाका रूपमा लिन थालियो । बाल्यावस्थामा उपलब्ध हुने बालोपयोगी परिवेशका आधारमा नै उसको समुज्ज्वल भविष्य निर्धारित हुने तथ्य स्वीकार गरियो । यसका लागि बाल्यकालमाथि अनुसन्धान गर्न थालियो । शिशुका प्रतिदिनका शारीरिक, मानसिक, भावनात्मक विकासका बारेमा अध्ययन गर्न थालियो । यसैका निष्कर्षहरूलाई आधार मानेर विविध सिद्धान्तहरू प्रतिपादित भए । यसरी खास गरी पश्चिमा मुलुकहरूले बालबालिकालाई महत्त्व दिन थालेको देखिन्छ । हाम्रो देशको सन्दर्भमा भने बालबालिका सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको जोडबलमा भख्खर आएर बाल अधिकार लगायत उनीहरूका हकहितका कुरा उठ्न थालेका छन् । यसरी नेपालमा बालबालिकाप्रतिको धारणामा पहिलेको भन्दा पक्कै केही सुधार त भएको छ, तर त्यसमा पूर्णता भने अझै आउन सकेको छैन । आंशिक रूपमा मात्र परिवर्तन आएको छ ।

**बालसाहित्य कस्तो विधा हो ? मनोरन्जनात्मक वा शिक्षाप्रद ? बाल साहित्य पनि निश्चित उमेर समूहका लागि बेग्ला बेग्लै हुनुपर्छ कि पर्दैन ? यस दृष्टिले नेपालको बालसाहित्यिक पुस्तकको अवस्था कस्तो छ ?**

बालबालिकालाई लक्षित गरी लेखिएको साहित्य नै बालसाहित्य हो । नेपालको जनसङ्ख्याको आधारमा यहाँ करिब १ करोड बालबालिका छन् । तिनीहरूका लागि भनेर लेखिएका ५ हजार हाराहारी शीर्षकका पुस्तकहरू छन् । तिनमा पनि सबै उपलब्ध छैनन् । ३ हजार जति शीर्षकका पुस्तक उपलब्ध छन् । यसको अनुपात हेर्ने हो ३३ सय बालबालिकाका लागि एउटा शीर्षकको पुस्तक उपलब्ध हुने देखिन्छ । यसबाट बालसाहित्यको क्षेत्रमा हामी कहाँ छौँ भन्ने तथ्य छर्लङ्ग हुन्छ । ऐतिहासिक दृष्टिले हेर्दा नेपालीमा १९४९ मा प्रकाशित गंगाधर शास्त्रीको 'गोर्खा पैह्लो

किताब'बाट बालसाहित्यको थालनी भएको मानिन्छ । हुनत, त्यो पाठ्य पुस्तक नै हो, तर त्यसमा अलिकति साहित्यिक सन्दर्भ पनि भएको हुनाले त्यसलाई बालसाहित्यको कोसेढुङ्गा मान्दा करिब १३० वर्षको समयावधिमा अहिले आएर केही प्रगति त भएको छ तर सन्तुष्ट हुने अवस्था भने देखिदैन । बालसाहित्यका माध्यमबाट बालबालिकामा सकरात्मक प्रभाव पार्न सकिन्छ तर बालसाहित्य उपदेशात्मकमात्र हुनु हुँदैन । पहिला पहिलाका सिर्जनाहरू खालि उपदेशात्मक थिए । अहिले त्यस्ता उपदेशात्मक सिर्जनालाई त्यति महत्त्व दिइँदैन । अप्रत्यक्ष्य रूपमा केही न केही सन्देश बालसिर्जनामा हुन्छ नै, तर सन्देशका बोझले बोझिलो हुनुभन्दा यो बढी मनोरञ्जनात्मक तथा बालपाठकको उमेर र मनोविज्ञान अनुकूलको हुनुपर्छ भन्ने वर्तमान समयको माग हो । यसमा ३० प्रतिशत सन्देश र ७० प्रतिशत मनोरञ्जन भयो भने बल्ल उनीहरूले पढ्छन् । बालबालिकाले पहिले रमाउँदै पढ्ने हो र त्यसपछि मात्र शिक्षा हासिल गर्ने हो । त्यहाँ उनीहरूलाई आकर्षण गर्ने चित्र, सरल भाषा वा प्रस्तुती हुनुपर्छ । त्यसैले बालसाहित्यको पहिलो प्राथमिकता मनोरञ्जन र दोश्रो शिक्षा हो । नेपालमा ६० को दशकपछि मात्र स-साना बालबालिकालाई लक्षित गरी चित्रपुस्तकहरू छापिन थाले । अझै बाल एवं किशोरका विविध वयगत चरण उपचरणका मनोविज्ञानलाई बालसाहित्यमा समेट्न सकिएको छैन । यसका लागि हामीले सङ्ख्यात्मक तथा गुणात्मक दृष्टिले लामो फड्को मार्नुपर्ने छ ।

**बालबालिका स्वयम्ले सृजना गर्दा बालसाहित्य हुन्छ कि सिद्धहस्त व्यक्तिको बालकल्पनाशील चेतनाले निर्देर्शित बालकेन्द्रित सिर्जना बालसाहित्य हुन्छ ?**

बालबालिका स्वयम्ले लेखेका पनि बालसाहित्य हुन् भने प्रौढहरूले त्यो उमेर समूहका लागि अनुकूल या बालबालिका लागि लक्षित गरी लेखेका छन् भने ती पनि बालसाहित्य हुन् । आनुपातिक दृष्टिकोणले हेर्ने हो भने हामीकहाँ ९५ प्रतिशत

प्रौढहरूले लेखेका बालसाहित्य छन् । अहिले आएर ५ प्रतिशत बालबालिकाले मात्र बालसाहित्य सिर्जना गरेका छन् । तर विरोधाभास कहाँनेर छ भन्नुहुन्छ भने उदाहरणका लागि महाकवि देवकोटाले १० वर्षको उमेर कविता लेख्नुभयो । उमेर त १० वर्ष हो नि ! उहाँले जुन कविता लेख्नुभयो त्यो सर्जकीय उमेरका दृष्टिले बालसाहित्य हो तर सिर्जनाले बालसाहित्य होइन । किनकि त्यो कविता उहाँको उमेरभन्दा धेरै माथिको थियो । त्यसैले बालबालिकाले लेख्दैमा त्यो बालसाहित्य हुँदैन । म केही भाइबहिनीका कृतिहरू हेर्छु । उहाँहरू उमेरले १४,१३ र १२ वर्षको हुनुहुन्छ । असाध्यै राम्रो लेख्नुहुन्छ । तर उहाँहरूले आफ्नो उमेरको लागि लेखिदिनु भएन । प्रौढका लागि लेख्नुहुन्छ । त्यो त बालसाहित्य भएन नि । त्यस्तै बालबालिका लागि भनेर लेख्ने प्रौढ सर्जकका सिर्जना पनि बालबालिका लागि सुपाच्य छैन भने त्यो पनि बालसाहित्य हुँदैन, बालसाहित्यको नाममा एउटा खेस्रो मात्र हुन सक्छ ।

**बालबालिकालाई सिर्जनशील बनाउन दिइने सिर्जनात्मक प्रशिक्षणले उनीहरूको जीवनमा परिवर्तन ल्याउन सकेको छ त ?**

हाल आएर पाठ्यक्रममा नै सिर्जनात्मक अभ्यास राखिएको छ । भाषाका पाठ्यपुस्तक र सामाजिक पाठ्यपुस्तकहरूले स-साना भाइबहिनीहरूलाई सिर्जनात्मक काम लगाएका छन् । त्यो एउटा सबल पक्ष हो । विद्यार्थी सिर्जनशील हुनुपर्छ । पाठ्यपुस्तक रटेर मात्रै होइन आफैले पनि केही सिर्जना गर्नुपर्छ भन्ने दृष्टिकोण हो यो । यो कुरालाई बुझेर केही विद्यालयले सिर्जनशीलतालाई महत्त्व दिएका छन् । त्यो राम्रो हो । तर कतिले कोर्सलाई पूरा गर्ने जिम्मेवारी मात्र लिएका छन् । बालसाहित्य मात्र पनि पढाउने हो भने उनीहरूको भाषिक र भावनात्मक क्षमताको विकास हुन्छ । जसरी पनि जीवन बुझ्ने हो, उमेर अनुसारको केही न केही शिक्षा ग्रहण गर्ने हो भने पाठ्यपुस्तक मात्र घोकाएर हुन्न भनेर पाठ्यक्रमसँगसँगै बालसाहित्यलाई पनि प्राथमिकतामा पारेका छन्

। त्यस्तै अचेल केही मात्रामा भए पनि बालसाहित्यिक प्रशिक्षण दिने, बाल महोत्सव गर्ने जस्ता कार्य पनि भइरहेका छन् । यसबाट बालबालिकालाई सिर्जनशील हुन केही मदत पुगेको छ । यसलाई हरेक विद्यालयले अनिवार्य रूपमा बाल भित्ते पत्रिका प्रकाशन गर्ने, नियमित रूपमा साहित्यिक कार्यक्रम गर्ने, टोलटोलमा सिर्जनशील बालक्लब सञ्चालन गर्ने, बालसाहित्य पठनका लागि समय छुट्ट्याउने, विद्यालयमा हरेक कक्षामा कुनो पुस्तकालयको व्यवस्था गर्ने,बालपुस्तकका बारेमा अन्तरक्रिया गर्ने जस्ता कार्यहरू गरी बालसिर्जनशीलतालाई अघि बढाउन सकिन्छ ।

## बालबालिकालाई सिर्जनशील, सचेत र सक्षम बनाउन बाबुआमाको भूमिका कस्तो हुनुपर्छ ?

हामीले एउटा अभियान नै चलाएका छौँ, अभिभावक लागि बालसाहित्य । हाम्रो कुरा सुनेर कतिपय साथीहरू, अभिभावकहरू हाँस्नुभयो । 'के भन्नुहुन्छ ? पुस्तक पढ्ने बालबालिका, पढाउने विद्यालय अनि अभिभावकलाई कताबाट मुछेको' पनि भन्नुभयो । एउटा बालक या बालिकालाई योग्य,असल र राम्रो बनाउनु छ भने त्यहाँ ३ वटा तत्त्व जोडिनैपर्छ, विद्यार्थी, विद्यालय र अभिभावक । त्यसमा अभिभावकको भूमिका त झन् प्रमुख हुन्छ । आफ्ना सन्तानले बालसहित्य पढ्न जान्दछन्, पढ्न लगाउने, पढ्न जान्दैनन्, पढेर सुनाउने । आफ्ना नानीबावुले केमा रुचि राख्छन् ? कस्तो पुस्तक पढ्न मन पराउँछन् भनेर जानकारी अभिभावकले राख्ने हो । त्यो दृष्टिकोणले अभिभावकले अनिवार्य रूपमा बालसाहित्य पढ्नुपर्छ भनेर हामीले अभियान चलाएका छौँ । एउटा संस्थाले चलाएको यो अभियान कति सफल हुन्छ थाहा छैन । हामी निरन्तर लागि परिरहेका छौँ । हरेक वर्ष हामीले वार्षिक सम्मेलन गर्छौं । यसरी कार्यक्रम गर्दा शिक्षक, विद्यालयलाई पहिलादेखि नै जोड्थ्यौँ । अहिले चाँहि अभिभावकलाई पनि जोड्ने गरेका छौँ । यसबाट बालसाहित्यलाई दोहोरो फाइदा भएको छ । एउटा अभिभावकले पुस्तक पढ्नु हुने भयो । पढिसकेपछि मन परेको,

राम्रो लागेको किताब किनिदिनु हुने भयो । बालबालिकासँग त पैसा हुँदैन । उनीहरूले किताब किन्न सक्ने कुरो भएन । अभिभावकको संलग्नता भयो भने उनीहरूले अभिभावकलाई किताब किनिदिन खुसामत गर्नु परेन ।

**नेपालमा बालसाहित्य अत्यन्त रुचाइने विधा हो तर यस विधामा अन्य विधाभन्दा कम काम भएको पाइन्छ किन होला ? यो जटिल विधा हो ?**

यसलाई मेरो अनुभवसँग जोडेर हेरौँ है । तिसको दशकको अन्त्यतिरबाट मेरा बालरचनाहरू प्रकाशित हुन थाले । अहिलेसम्म पाँच दर्जन जति बालकृतिहरू प्रकाशित छन् । पहिले प्रौढ साहित्यकारहरूले म जस्ता बालसाहित्यकारप्रति गरेको उपेक्षित भाव हामीले अनुभव गरिराखेकै हो । स्वाभाविक रूपमा प्रौढको सापेक्षतामा बालबालिकाको उमेर सानो हुन्छ । यसैको अनुपातमा आकारको दृष्टिले भन्दा पनि भाषा र विषयका दृष्टिले उनीहरूका किताब सानै हुन्छन् । त्यसैले बालसाहित्यमा सय, डेढसय शब्दका पनि एउटा किताब हुन सक्छ । यसलाई प्रौढ साहित्यकारहरूले यसो हेर्नुहुन्छ र भन्नुहुन्छ-'आ ! यस्ता कथा त म दिनमै दश ओटा लेखिदिन्छु ।' तर फरक कहाँनेर छ भने एउटी बालिका या बालक कुन उमेरमा के गर्छ ? उसको रुचि के हो ? कुनै बेला आमाको दुधमात्र चुस्ने शिशु क्रमश: लिटो, जाउलो, गिलो भात हुँदै कहिले साह्रो वस्तु खान सक्षम बन्छ भन्ने कुरा विचारणीय हुन्छ । जसरी उमेरसँग आहार जोडिदै जान्छ, त्यसरी नै मनोविज्ञान पनि जोडिदै जान्छ । त्यसैले कुन उमेर समूहका लागि मैले के चिज दिनुपर्छ ? त्यो उमेरको मनोविज्ञान के हो भन्ने कुरा एउटा लेखकले नबुझीकन सिर्जना गर्न थाल्यो भने मिल्दैन । प्रौढका लागि त तपाईं लेख्नुस् । बजारमा फाल्नुस् । रुचि हुनेले पढ्छन्, नहुनेले पढ्दैनन् । तपाईंलाई केही फरक पर्दैन । तर बालसाहित्यका लेखक जिम्मेवार हुनुपर्छ । बालसाहित्यमा तपाईंले यो उमेर समूहका लागि मैले यस्तो चिज लेखेको हो भनेर प्रस्ट हुनका लागि लक्षित

समूहको मनोविज्ञानको अध्ययन नगरी लेख्नुभयो भने लेख्नेको समय पनि बर्बाद हुन्छ, पढ्नेको पनि समय र पैसाको नाश हुन्छ ।

ससाना संरचनका बालसाहित्यका पुस्तक हेर्दा त यो लेख्न त सजिलो छ भन्ने सबैलाई लाग्न सक्छ तर लेख्दै जाँदा थाहा हुन्छ, यो कति कठिन छ । प्रौढ साहित्यका सर्जकलाई बल्ल अनुभूत हुन थालेको छ, बालसाहित्य सिर्जना कति जटिल छ भनेर । बालपुस्तक हेर्दा पाँच हरफ, दश हरफ त लेख्ने हो नि ! सय, सबा सय शब्द लेख्ने त हो नि ! जस्तो लागे तापनि तिनै हरफका लागि बालवय अनुसारको शब्दको चयन गर्न कति सकस हुन्छ भन्ने कुरा लेख्दै आएकालाई मात्र थाहा हुन्छ । ढिलै भए पनि प्रौढ साहित्यका सर्जहरूले क्रमशः बालसाहित्यमा पनि कलम चलाउन थाल्नुभएको छ । यो साह्रै खुसीको कुरा हो । वास्तवमा प्रौढ साहित्यको लेखन केही हदसम्म आनन्दप्राप्ति, आत्मप्रकाशन, समाज परिवर्तन, नाम र दामका लागि हो भने बालसाहित्यको लेखन मातृऋणबाट मुक्तिका लागि र नेपालको सुन्दर भविष्यका लागि हो भन्ने अनुभव सबै स्रष्टाले गर्न सक्नुपर्छ । यसो भएमामात्र बालसाहित्यमा गुणात्मक र सङ्ख्यात्मक दृष्टिले फड्को मार्न सकिन्छ ।

## पाश्चात्य र पूर्वीय बालसाहित्यमा के-कस्तो अन्तर होला ?

पूर्वमा प्रामाणिक रूपमा हेर्दा विष्णु शर्माको 'पञ्चतन्त्र'लाई बालसाहित्यको महत्त्वपूर्ण उदाहरणको रूपमा लिइन्छ । पश्चिममा पनि 'इसपका नीति कथा' त्यस्तै किसिमको पुस्तक हो । दुवै नैतिक उपदेश दिने खालका । त्यसपछिका वर्षहरूमा खासै उत्कृष्ट बालकृतिहरू देखा परेनन् । उन्नाइसौँ शताब्दीका आसपासमा हान्स क्रिश्चियन एन्डरसनका किताबहरू बढी प्रसिद्ध भए । अहिले पनि बालसाहित्यका पहिलो उत्कृष्ट सर्जकका रूपमा उनलाई लिइन्छ । आई बी बी.वाई भन्ने एउटा संस्था छ । त्यसले विश्वभरिबाट वर्षभरि प्रकाशित भएका सबभन्दा उत्कृष्ट बालसाहित्यको पुस्तक चयन गर्छ र पुरस्कृत गर्छ । त्यो पुरस्कारको नाम नै **एन्डरसन**

पुरस्कार भनेर राखिएको छ । हामी कहाँ पनि बालवयलाई समेटेर किताब नलेखिएको भने होइन । पौराणिक ग्रन्थहरूमा रामका बाललीला, कृष्णका बाललीला, हनुमान, गणेश आदिका बाललीलाई हाम्रा संस्कृत विद्वान्ले समेटेर लेखेका छन् । यद्यपि तिनमा बाल्यावस्थाको चित्रण छ तथापि ती बालसाहित्य भने होइनन् । त्यसै गरी लोककथाहरू संसारका जुनसुकै ठाउँमा पनि बालबालिकाकै लागि सुन्दै सुनाइदै आइएको छ । हामी लोक बालगीतसँग खेल खेल्दै हुर्केका हौँ । लोक जीवनमा बालबालिकाको महत्त्व छ र त बाललोकसाहित्य फस्टाएको छ । कृतिगत रूपमा हामीकहाँ आएका चिजहरू बढी उपदेशात्मक भए । हाम्रा अग्रजहरूले बालबालिकालाई उपदेश नै दिनुपर्छ । चरित्र निर्माण मात्रै बालसाहित्यको उद्देश्य हुनुपर्छ भने । उनीहरूलाई असल नागरिक बनाउनका लागि यसो नगर उसो गर भन्नुपर्छ भन्ने दृष्टिकोण हामी कहाँ रह्यो । पश्चिमाहरूले उपदेशात्मक मात्र नगरौँ । बालबालिकाको मनोविज्ञान बुझेर मनोरञ्जनात्मक किसिमले पढ्न सक्ने कृति लेखौँ भनेर अभियान चलाए । हामी कहाँ अहिले आएको बालसाहित्यिक प्रभाव चाहिँ पश्चिमेली प्रभाव हो । अहिले हामी जुन लयात्मक पठनको कुरा गर्दै छौँ यसको पृष्ठभूमि चाहिँ हाम्रै लोकजीवन हो । मलाई चाहिँ पश्चिमेली जति सबै राम्रा छन् भन्ने लाग्दैन । हो, केही राम्रा त पक्कै छन् । राम्रो छ भन्दैमा त्यसकै अन्धानुकरण गर्नु उचित हुँदैन । त्यसलाई हाम्रो सामाजिक परिवेशमा समेटर आफ्नो माटो सुहाउँदो गरी प्रस्तुत गर्न सक्नुपर्छ । नत्र त हाम्रो पहिचान नै कहाँ रहन्छ र ?

**बालसाहित्यले लोक कथाहरूबाट फड्को मारेको हो ? तुलनात्मक रूपमा हेर्दा विगत र वर्तमानमा के फरक पाउनुहुन्छ ?**

तपाईं हामी अँगेनाको डिलमा बसेर सुत्नुभन्दा अगाडि कथा सुन्दै हुर्किएका हौँ । ती कथाहरूले हाम्रो कल्पनाशीलतालाई पक्कै पनि बढाइदिएका थिए । 'एउटा राजकुमार थियो । उसँग यस्तो शक्ति थियो । आकाशमा उड्न सक्थ्यो । उसले गर्न नसक्ने केही काम

थिएन ।' यसरी कथा सुन्ने बालबालिकाहरूमा यी लोककथाहरूले उनीहरूको कल्पना गर्ने क्षमतामा बृद्धि गरिदिन्थे । यसका दुर्बल पक्षहरू पक्कै थिए होलान् । तर यसका सबल पक्षहरू पनि प्रशस्त छन् । ठिक छ नराम्रा कुरा बालबालिकालाई नदिउँला तर राम्रा कुराहरू दिन सकिन्थ्यो नि ! दुर्भाग्य के भइदियो भने हामीले यस्ता सबै कथालाई सङ्कलन गर्न सकेनौँ । जुन पुस्तासँग यो थियो त्यो पुस्तासँगै यो गयो । हाम्रो देश बहुजाति र बहुभाषी हो । यहाँ सबैका आ-आफ्ना लोककथा थिए । तिनलाई एक भाषाबाट अर्को भाषा पनि लैजान सकेनौ । तीमध्ये अधिकांश लोप भएर गए र बाँकी जाने अवस्थामा छन् । हामीसँग पौराणिक कथाहरू पनि छन् , जुन ग्रन्थहरूमा भेट्न सकिन्छ । तर लोकमा भएका तर अभिलेखीकरण नभएका चिजहरू हराए । हामीले संरक्षण गर्न सकेनौँ । पश्चिमाहरूले चाहिँ जतन गरेर त्यसबाट लाभ लिइरहेका छन् । त्यसैले गर्दा बालसाहित्य भनेको नयाँ सिर्जना मात्रै होइन, परम्परित रूपमा रहेका कतिपय चिजहरू पनि बालोपयोगी छन् भने त्यसलाई परिमार्जन गर्नुपर्छ । जति बाँकी छन् अब तिनको सङ्कलन यथाशक्य छिटै गर्नुपर्छ । त्यतापट्टि ध्यान न राज्यको गएको छ न सम्बन्धित विद्वान्हरू नै लागिपरेका छन् । नेपालीका लागिमात्र नभई विश्वकै लागि समेत अमूल्य ती नीधिहरू हामी गुमाउँदै छौँ ।

**नेपाल बालसाहित्य समाजले बालसाहित्यको क्षेत्रमा कस्तो भूमिका निर्वाह गरेको छ ? यसका उद्देश्य र लक्ष्यहरू के के छन् ?**

नेपाल बालाहित्य समाज वि.सं.२०४४ सालमा स्थापित संस्था हो । यो प्रा.डा. चुडामणि बन्धुको सोचको उपज हो । यसमा मूर्धन्य बालसाहित्यकारहरू र चित्रकारहरू पनि जोडिनुभएको छ । खास गरी बालबालिकाहरूलाई करले भन्दा पनि बालसाहित्यको माध्यमबाट रहरले पढ्दा पढ्दै विषयवस्तुको ज्ञान होस् भन्ने उद्देश्यले यो संस्थाको स्थापना भयो । यसले स्थापना कालदेखि नै वर्षभरि छापिएका बालसाहित्यिक कृतिहरूमध्येबाट लेखन र चित्राङ्कनतर्फ सर्वोत्कृष्ट पुस्तक चयन गरी पुरस्कृत गर्दै आएको छ । यसबाट बालसाहित्यमा लागिपरेकाहरूलाई प्रोत्साहन मिलेको छ । साथै

शिक्षकहरूमा र अहिले आएर अभिभावकहरूमा बालसाहित्य पुऱ्याउने एउटा जमर्को नेपाल बालसाहित्य समाजले गरिरहेको छ । यो संस्था बालसाहित्यका पुस्तक बालबालिका लागि सुरुचिपूर्ण बनाउनुपर्छ र बालबालिकाको हात हातमा बालसाहित्य पुग्नुपर्छ भनेर लागिरहेको छ । हामीसँग स्रोत भनेको अत्यन्त कम छ । सरकारको उपेक्षित भावले गर्दा आफैआफै चन्दा सङ्कलन गरेर भएपनि काम अगाडि बढाएका छौँ । आर्थिक कठिनाइले गर्दा हाम्रा हरेक उद्देश्यहरू बाँधिएका छन् । केही काम गर्न खोज्यो बिचमा ट्वाक्क पैसाको कुरा आइहाल्छ । त्यति हुँदाहुँदै पनि बालबालिकाहरूको पुस्तकसँग आबद्ध व्यक्तित्वहरूको संस्था भएकोले जेनतेन चलाइरहेका छौँ । हामीले बालसाहित्यको प्रवर्धनका लागि सङ्घीय, प्रान्तीय हुँदै स्थानीय निकायसम्म पुग्नैपर्छ । अहिले विद्यालयको जिम्मेवारी स्थानीय निकायमा आएको छ । स्थानीय पाठ्यपुस्तक निर्माणसँगै बालसाहित्यका पुस्तक पनि स्थानीय स्तरबाटै निर्माण र निशुल्क वितरणको व्यवस्था गरिनुपर्छ । स्थानीय निकायका व्यक्तित्वहरूलाई सिर्जनात्मक कार्य र बालसाहित्यको महत्त्व र उपयोगिताका बारेमा सुसूचित गर्नैपर्ने हुन्छ । उहाँहरूसँग मिलेर काम गर्नुपर्ने हुन्छ । उहाँहरूलाई बुझाउनै गाह्रो छ । उहाँहरूलाई विकास निर्माण भनेको सडक निर्माण भन्ने मात्र थाहा छ । भौतिक संरचनालाई मात्र विकास ठान्ने उहाँहरूलाई मानसिक,बौद्धिक, भावनात्मक संरचना पनि बनाउनुपर्छ र यसको सुरुवात बालबालिकाबाट गर्नुपर्छ भनेर बुझाउनुपर्ने अवस्था छ । हामी प्रयासरत छौँ । यसप्रति उहाँहरूले चासो दिनुपर्छ । बालपुस्तकको समुचित पठनबाट नै शैक्षणिक लक्ष्य प्राप्त हुन्छ । यसका लगि अन्तर्राष्ट्रिय प्रयास भइआएका छन् । विश्वका अधिकांश सरकारले एक वर्षका अवधिमा देशभरि प्रकाशित भएका बालपुस्तकहरू सङ्कलन गर्छ । सङ्कलित पुस्तकहरूको छनौट गर्ने समिति गठन गर्छ । त्यो समितिले कुन कक्षाका लागि कुन बालसाहित्यिक पुस्तक उपयुक्त हुन्छ भनेर छनौट गर्छ । हामी बालसाहित्य समाजलाई यो भूमिका दिइयोस् भन्ने पक्षमा छौँ । त्यो समितिको सिफारिसमा राज्यले पुस्तकको प्रकाशकलाई तपाईंहरूको यो किताब राम्रो लाग्यो

। हामी यति हजार अथवा लाखप्रति किन्छौँ । छापिदिनुस् भनेर भन्छ । त्यसपछि ती किताब देशभरिका बालबालिकाले प्राप्त गर्न सक्ने ठाउँ विद्यालय, पुस्तकालय, विश्वविद्यालयमा उपलब्ध गराउने परिपाटी विदेशमा छ । हाम्रो चाहिँ नबुझेर हो या नसकेर हो बालसाहित्यिक पुस्तक खरिदका लगि प्रतिवर्ष साँढे ६ लाख रूपैयाँ सरकारले एउटा विद्यालयलाई उपलब्ध गराउँदा पनि त्यसको सदुपयोग भए जस्तो लाग्दैन । यदि त्यसो गर्ने हो भने एउटा लेखक, प्रकाशक र पुस्तकसँग सम्बन्धित सबैलाई त्राण मिल्ने थियो । बालसाहित्यको प्रवर्धनका लागि यस्तै यस्तै धेरै कुराहरू पूरा गर्न सङ्घर्ष गर्दै अनवरत रूपमा अघि बढिरहेको छ **नेपाल बालसाहित्य समाज** ।

**विद्यालय र विश्वविद्यालयको पाठ्यक्रममा बाल रचनाले बालबालिकाहरूलाई सम्बोधन गर्न सकेका छन् कि बोझ मात्र थुपारी रहेका छन् ?**

राम्रो प्रश्न । केही वर्ष अघिसम्म नेपाली विषयको पाठ्यक्रमले आधुनिक बालकथा पनि हुन्छ भन्ने कुरा बुझ्दैनथ्यो । उसका लागि कथा भनेको कि पौराणिक कि लोककथासम्म मात्र हुन्थे । अचम्मै भए यसले किंवदन्ती कथाहरू मात्रै बुझ्थ्यो । मौलिक बालकथा पनि हुन्छ र ! भन्ने थियो । पाठ्यक्रम विकास केन्द्रको यो बुझाइ धेरै पछिसम्म रह्यो । कक्षा आठ पछि मात्रै बल्ल सामाजिक वा बालमनोवैज्ञानिक कथाहरू पनि हुन्छन् भनेर पाठ्यक्रममा समावेश गर्न थालियो । बालसाहित्य भनेको लोककथा मात्रै होइन रहेछ । बालबालिकाका लागि लेखेका उमेर अनुसारका सृजनाहरू हुँदा रहेछन् भन्ने अनुभव भर्खरभर्खर गर्न थालिएको छ । भाषिक दृष्टिले भन्ने हो भने मातृभाषी पाठ्यपुस्तकले बालसाहित्यलाई बढी महत्त्व दिएका छन् । चाहे भोजपुरी होस्, चाहे मैथली होस्, चाहे अन्य भाषाका किन नहोस् । यसका लेखक सम्पादकहरूले नयाँ सिर्जनालाई स्थान दिएका छन् । अहिले आएर पाठ्यपुस्तकमा क्रमश बाल उमेर अनुसारका चिजहरू दिनुपर्छ भन्ने सन्दर्भको कुरा आएको छ । तर भएको के छ भने मानिलिनुस् म सरकारी पाठ्यपुस्तकको सम्पादक

भएँ । मैले कथा, निबन्ध, कविता लेखेकै छु । पाठ्यपुस्तकमा मेरै या साथीको रचना किन नराख्ने ? चाहे त्यो उमेर र कक्षा अनुसारको होस् कि नहोस् भन्ने स्वार्थपूर्ण मानसिकताले यो गाँजिदै छ । वास्तवमा बालसाहित्य जुन उमेरका लागि लेखिएको हो त्यो उमेर समूहका बालबालिकाहरूलाई सयौं ठाउँमा सुनाएर, उनीहरूका प्रतिक्रिया सुनेर, परिमार्जन गरेर अनि मात्र प्रकाशित गर्नुपर्ने हो । तर त्यस्तो भएको छैन । पाठ्यपुस्तकका लेखकले पनि बालसाहित्य बुझ्नुपर्छ र बालसाहित्य सर्जकले पनि पाठ्यपुस्तक बुझिदियो भने अनि बल्ल दुबैको समन्वय भएर पाठ्यपुस्तकमा राम्रा बालसाहित्य आउँछन् । अनि मात्र यी विद्यार्थीका बोझ भन्दा पनि रहर बन्न सक्छन् । २०५३ सालबाट स्नातक तहमा आंशिक रूपमा भए पनि त्रिभुवन विश्वविद्यालयमा बालसाहित्यले प्रवेश पाएको हो । केही वर्ष गता आएर नेपाली भाषा शिक्षाको स्नातकोत्तर तहसम्म यो उक्लिएको छ । यो खुसीको कुरा हो । तर यतिलाई मात्र पर्याप्त मान्न सकिदैन । सबै विश्वविद्यालयका कम्तीमा मानविकी र शिक्षा सङ्कायहरूमा बालसाहित्यको अध्ययन अध्यापन र अनुसन्धान हुनु आवश्यक देखिन्छ ।

## वर्तमान नेपाली बालसाहित्य अन्तराष्ट्रिय स्तरको छ ?

समाजिक दृष्टिकोणले हाम्रा यहाँका छ वर्षका बालबालिका र विकसित मुलुकका सोही उमेरका बालबालिकामा केही न केही फरक हुन्छ तर मनोवैज्ञानिक दृष्टिले धेरै समानता हुन्छ । जहाँ सुकै हुर्किएका बालबालिका भएपनि उमेर अनुसारको भावनात्मक एकता हुन्छ । त्यसैले नेपालमा लेखिएको किताब विदेशी बालबालिकाका लागि सुपाच्य हुँदैन भन्न सकिदैन । तर लेखकहरूले त्यही अनुसारको मेहनत गर्नुपर्‍यो र त्यही अनुसारको परिस्थिति सिर्जना हुनुपर्‍यो । हामीकहाँ त्यसको न्यूनता छ । एउटा सर्जकले कुनै राम्रो सिर्जना गर्‍यो भने समाज या राज्यले उचित स्थान र महत्त्व दिने स्थिति त हुनुपर्‍यो नि । यसै पनि नेपालमा बालसाहित्यका पुस्तकहरू एकदमै कम छन् । गुणात्मकता अझ कम छ । हाम्रै बजारमा नटिकेका सामान विश्व बजारमा कसरी टिक्लान् ? त्यसले गर्दा

जब हामीले बालसाहित्यका लेखक र पाठकलाई महत्त्व दिन थाल्छौँ । प्रोत्साहन गर्न थाल्छौँ । हौसला दिन थाल्छौँ । बालसाहित्य आफैँ अगाडि बढ्न थाल्छ । यसका लागि सर्जक स्वयं पनि कसिनुपर्छ ।

भर्खरै केही 'शब्दविहीन चित्रकथा' का किताबहरू बालसाहित्य समाजले प्रकाशन गऱ्यो । यिनमा शब्द कहीँ पनि छैन । चित्रको माध्यमबाट कथा भनिएको छ । त्यसलाई हामीले विदेशमा पठायौँ । प्रतिक्रिया बडो राम्रो भनेर आएको छ । हामी नेपाली भाषामा लेख्छौँ, उनीहरूको भाषामा अनुवाद गर्दैनौँ । अनि हामीसँग राम्रो चिज छ भन्ने कुरा उनीहरूलाई जानकारी नै हुँदैन । उनीहरूका केही बालसाहित्यलाई भने हामीले नेपालीमा अनुवाद गरेका छौँ । हामी नेपाली भाषाका कृतिलाई विदेशी भाषामा अनुवाद गर्नमा पछाडि छौँ । हामीले हाम्रो बालसाहित्यलाई अन्तर्राष्ट्रिय बजारमा लैजान सकेका छैनौँ ।

जस्तै भनौँ न जि.डि.एल (ग्लोबल डिजिटल लाइब्रेरी) भन्ने छ । यसमा विद्युतीय माध्यममा सुरक्षित छ, सात हजार बालपुस्तकहरू छन् । ती पुस्तकहरू र हाम्रा बालसाहित्यका पुस्तकको तुलना गर्ने हो भने हाम्रा किताब कम्तीका छैनन् । तर हामीले विश्वलाई हाम्रा सिर्जना दिन सकेका छैनौँ । हामी, हामीभित्रै सीतिम छौँ । आफैले छापेका हजार प्रति पुस्तक कसरी बिक्री गर्ने चिन्ता हुन्छ हामीलाई । कतिपय लेखकले पारिश्रमिक पाइरहेका छैनन् । राज्यले उपेक्षित गरिरहेको छ । कहींबाट पुरस्कार लगायतका प्रोत्साहनहरू छैनन् । अन्तर्राष्ट्रिय क्षेत्रमा जान यी कुराहरूको पूर्णता हुनुपर्थ्यो । न्यूनताले गर्दा जान सकेका छैनौँ । तर जानै नसक्ने निम्न स्तरका बालसाहित्य नेपालमा छन् भन्ने होइन । सबल हुदाहुँदै पनि जान नसक्नुका धेरै कारणहरू छन् ।

मोलुङ ज्ञानप्रवाह लगायत मोलुङ फाउन्डेसनका अन्य प्रकाशन मार्फत बालबालिका, किशोर-किशोरी, युवा-युवती लगायत देश विदेशमा रहेका समग्र नेपालीलाई सिर्जनशील, सचेत, र जागरुक बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने कुरामा संस्थालाई पूर्ण सफलता मिलोस् । हार्दिक शुभकामना !

प्रधानध्यापक
तथा समस्त विद्यालय परिवार
दीर्घ प्रदीप मा.वि. खाल्टे, सिन्धुली

मोलुङ ज्ञानप्रवाह लगायत मोलुङ फाउन्डेसनका अन्य प्रकाशन मार्फत बालबालिका, किशोर-किशोरी, युवा-युवती लगायत देश विदेशमा रहेका समग्र नेपालीलाई सिर्जनशील, सचेत, र जागरुक बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने कुरामा संस्थालाई पूर्ण सफलता मिलोस् । हार्दिक शुभकामना !

प्रधानध्यापक
तथा समस्त विद्यालय परिवार
जनज्योति मा. वि. खुर्कोट, सिन्धुली

# गतिविधि/समाचार

मोलुङ फाउन्डेसन मूलतः अध्ययन अनुसन्धान तथा प्रकाशन गर्ने संस्था हो । यसले समसामयिक विविध विषयमा गोष्ठी, सेमिनार, सम्मेलन पनि गर्दै आएको छ । सो अनुसार यसले आजसम्म विभिन्न मितिमा देहायका विषयहरूमा सम्बन्धित विज्ञहरूलाई आमन्त्रण गरी अन्तरक्रिया कार्यक्रम गरेको छ ।

२०७७ असोज २४ (१० अक्टोबर २०२०) मा सिर्जनशील लेखन समाजसँगको सहकार्यमा 'कविता लेखन' शीर्षकमा अन्तरक्रिया सम्पन्न भयो । अतिथि वक्ताहरू सहप्राध्यापक डा. नेत्र सुवेदी (नेत्र एटम) र श्री जीवनाथ धमला हुनुहुन्थ्यो । कार्यक्रम सञ्चालन सिर्जनशील लेखन समाजका सचिव सहप्राध्यापक डा. धनप्रसाद सुवेदीले गर्नुभएको थियो भने अध्यक्षता मोलुङ फाउन्डेसनका अध्यक्ष श्री खेमप्रसाद दाहालले गर्नुभएको थियो ।

२०७७ असोज ३० (१६ अक्टोबर २०२०) मा कोभिड-१९ को सन्दर्भमा 'पूर्वीय दर्शनको महत्त्व' शीर्षकमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । यस कार्यक्रमका अतिथि वक्ताहरू प्रा.डा. वीणा पौड्याल, प्रा.डा. रामेश्वर अधिकारी र प्रा. भवानीप्रसाद खतिवडा हुनुहुन्थ्यो । कार्यक्रम सञ्चालन मोलुङ फाउन्डेसनका संस्थापक तथा आजीवन सदस्य प्रा.डा. राजकुमार पोखरेलले गर्नुभएको थियो भने अध्यक्षता मोलुङ फाउन्डेसनका अध्यक्ष श्री खेमप्रसाद दाहालले गर्नुभएको थियो ।

२०७७ कार्तिक २८ (१३ नोभेम्बर २०२०) मा सुनुवार सेवा समाजसँगको सहकार्यमा "सुनुवार भाषा-संस्कृति" विषयमा डा. लाल रापचा, श्री उत्तम सुनुवार, र श्री शोभा सुनुवारले प्रकाश

पार्नु भयो । कार्यक्रम सञ्चालन प्रा.डा. भूपप्रसाद धमलाले गर्नुभएको थियो भने अध्यक्षता मोलुङ फाउन्डेसनका अध्यक्ष श्री खेमप्रसाद दाहालले गर्नुभएको थियो ।

२०७७ मंसीर ६ ( २१ नोभेम्बर २०२०) मा निलो आकाश मासिकसँगको सहकार्यमा "कोभिड-१९ बारे जनाकारी सम्प्रेषण र अनुभव आदान प्रदान" शीर्षकमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । अतिथि वक्ताहरूमा डा. रविन्द्र पाण्डे, श्री मित्रसेन दाहाल र श्री सीमा पुरी हुनुहुन्थ्यो कार्यक्रम सञ्चालन *निलो आकाश* मासिकका सम्पादक श्री मन्दिरा दाहालले गर्नुभएको थियो भने अध्यक्षता मोलुङ फाउन्डेसनका अध्यक्ष श्री खेमप्रसाद दाहालले गर्नुभएको थियो ।

२०७७ मंसीर १३ (२८ नोभेम्बर २०२०) मा जलजलेश्वर शैक्षिक प्रतिष्ठानसँगको सहकार्यमा "कोभिड-१९ शैक्षिक क्षेत्रमा पारेको प्रभाव" शीर्षकमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । अतिथि वक्तामा पूर्व प्रशासक श्री जनार्दन नेपाल, सहप्राध्यापक डा. प्रियम्बदा काफ्ले र श्री विद्या चित्रकार हुनुहुन्थ्यो । कार्यक्रम सञ्चालन जलजलेश्वर शैक्षिक प्रतिष्ठानका सचिव श्री नेत्र दाहालले गर्नुभएको थियो भने अध्यक्षता मोलुङ फाउन्डेसनका अध्यक्ष श्री खेमप्रसाद दाहालले गर्नुभएको थियो ।

२०७७ पौष ४ (१९ दिसम्बर २०२०) मा सिर्जनशील लेखन समाजसँगको सहकार्यमा "डायास्पोरा साहित्य" शीर्षकमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । अतिथि वक्ताहरूमा प्रा.डा. गोविन्दराज भट्टराई, श्री गोविन्द गिरी प्रेरणा र श्री नीलम कार्की निहारिका हुनुहुन्थ्यो । कार्यक्रमको सञ्चालन मोलुङ फाउन्डेसनका अध्यक्ष प्रा.डा. भूपप्रसाद धमलाले गर्नुभएको थियो । धन्यवाद

ज्ञापन फाउन्डेसनका पूर्व अध्यक्ष श्री खेमप्रसाद दाहालले गर्नुभएको थियो ।

२०७७ पौष १९ (२ जनवरी २०२१) मा सिर्जनशील लेखन समाजसँगको सहकार्यमा "दोस्रो भाषाका रूपमा अंग्रेजी लेखन" शीर्षकमा प्रवचन कार्यक्रम सम्पन्न भयो । अतिथि वक्ता डा. रमेश पोखरेल हुनुहुन्थ्यो कार्यक्रमको सञ्चालन मोलुङ फाउन्डेसनका अध्यक्ष प्रा.डा. भूपप्रसाद धमलाले गर्नुभएको थियो । धन्यवाद ज्ञापन फाउन्डेसनका पूर्व अध्यक्ष श्री खेमप्रसाद दाहालले गर्नुभएको थियो ।

२०७७ माघ १० (२३ जनवरी २०२१) मा "नेपालको सन्दर्भमा सुशासन र आर्थिक विकास" शीर्षकमा जनाकारीमूलक प्रवचन कार्यक्रम सम्पन्न भयो । अतिथि वक्ता राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष तथा अमेरिकाका लागि लागि पूर्व राजदुत डा. शङ्कर शर्मा हुनुहुन्थ्यो । कार्यक्रमको सञ्चालन मोलुङ फाउन्डेसनका अध्यक्ष प्रा.डा. भूपप्रसाद धमलाले गर्नुभएको थियो । धन्यवाद ज्ञापन फाउन्डेसनका पूर्व अध्यक्ष श्री खेमप्रसाद दाहालले गर्नुभएको थियो ।

२०७७ माघ १७ (३० जनवरी २०२१) मा "नेपालका भाषाहरू" शीर्षकमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो अतिथि वक्तामा प्रा.डा. माधवप्रसाद पोखरेल र भाषा आयोगका माननीय अध्यक्ष डा. लव देव अवस्थी हुनुहुथ्यो कार्यक्रमको सञ्चालन मोलुङ फाउन्डेसनका अध्यक्ष प्रा.डा. भूपप्रसाद धमलाले गर्नुभएको थियो भने धन्यवाद ज्ञापन फाउन्डेसनका पूर्व अध्यक्ष श्री खेमप्रसाद दाहालले गर्नुभएको थियो ।

❁ २०७७ माघ २४ (६ फेब्रुअरी २०२१) मा "मिठो लेखाइ : शैक्षिक लेखनकला" शीर्षकमा जनाकारीमुलक गोष्ठी सम्पन्न भयो । उक्त कार्यक्रमको विज्ञ फुलब्राइट कमिसन नेपालका पूर्व निर्देशक डा. थोमस रबर्टसन हुनुहुन्थ्यो कार्यक्रमको सञ्चालन मोलुङ फाउन्डेसनका अध्यक्ष प्रा.डा. भूपप्रसाद धमलाले गर्नुभएको थियो । धन्यवाद ज्ञापन फाउन्डेसनका पूर्व अध्यक्ष श्री खेमप्रसाद दाहालले गर्नुभएको थियो ।

❁ २०७७ फाल्गुन ८ (२० फेब्रुअरी २०२१ ) मा नेपाल बाल साहित्य समाज सँगको सहकार्यमा "पाश्चात्य बाल साहित्यमा बालबालिकाको परिवर्तित चित्रण " शीर्षकमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । यसका प्रमुख वक्ता मोलुङ फाउन्डेसनका आजीवन सदस्य डा. हरिराम अधिकारी र अतिथि वक्तामा सिर्जनशील लेखन समाजका अध्यक्ष प्रा.डा. राजनप्रसाद पोखरेल तथा बालसाहित्य समाज नेपालका अध्यक्ष प्रा.डा. ध्रुव घिमिरे हुनहुन्थ्यो । कार्यक्रमको सञ्चालन मोलुङ फाउन्डेसनका अध्यक्ष प्रा.डा. भूपप्रसाद धमलाले गर्नुभएको थियो । धन्यवाद ज्ञापन फाउन्डेसनका पूर्व अध्यक्ष श्री खेमप्रसाद दाहालले गर्नुभएको थियो ।

❁ २०७७ फाल्गुन २२ (६ मार्च २०२१ ) मा सेन्टर फर पोलिसी म्यानेजमेन्ट एन्ड इनोभेसन (सेपमिन) सँगको सहकार्यमा "शान्ति र वातावरणीय मूल्यका लागि आकाशदीपका रूपमा नेपालको भूमिका" विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । कार्यक्रमको सञ्चालन मोलुङ फाउन्डेसनका आजीवन सदस्य डा. डमिन्द्रराज दाहालले गर्नुभएको थियो भने अतिथि वक्ता अमेरिकास्थित ग्लोबल पीस फाउन्डेसनका उपाध्यक्ष डेभिड क्याप्रारा तथा काठमाडौ बिश्वविद्यालयका सहप्राध्यापक डा. वेदमणि दाहाल हुनुहुन्थ्यो कार्यक्रमको सञ्चालन मोलुङ

फाउन्डेसनका अध्यक्ष प्रा.डा. भूपप्रसाद धमलाले गर्नुभएको थियो भने धन्यवाद ज्ञापन फाउन्डेसनका पूर्व अध्यक्ष श्री खेमप्रसाद दाहालले गर्नुभएको थियो ।

२०७७ चैत्र ७ (२० मार्च २०२१) मा "संगीतको महत्त्व: समाजलाई एकीकृत र शक्तिसम्पन्न बनाउने अस्त्र" भन्ने विषयमा अन्तरक्रिया तथा सांगीतिक कार्यक्रम सञ्चालन गरियो । अतिथिहरूमा प्रा.डा. ध्रुवेश रेग्मी, सहप्राध्यापक डा. रमेश पोखरेल, गायक मुरारी गुरागाई एवम् छन्द कविता वाचक सरु गुरागाई हुनुहुन्थ्यो । कार्यक्रमको सञ्चालन मोलुङ फाउन्डेसनका अध्यक्ष प्रा.डा. भूपप्रसाद धमलाले गर्नुभएको थियो भने धन्यवाद ज्ञापन फाउन्डेसनका पूर्व अध्यक्ष खेमप्रसाद दाहालले गर्नुभएको थियो ।

तत्पश्चात कोभिड-१९ महामारी तथा अन्य प्राविधिक कारणले गर्दा प्रत्येक महिना उक्त कार्यक्रम सञ्चालन गर्न नसके पनि २०७८ माघ महिनादेखि पुन: जुमका माध्यमबाट हरेक हप्ताको आइतवार साँझ साहित्य र अन्य विविध विषयमा प्रकाशित भएका पुस्तकको परिचर्चा कार्यक्रम सञ्चालन गर्ने योजना रहेको छ ।

मोलुङ ज्ञानप्रवाह लगायत मोलुङ फाउन्डेसनका अन्य प्रकाशन मार्फत बालबालिका, किशोर-किशोरी, युवा-युवती लगायत देश विदेशमा रहेका समग्र नेपालीलाई सिर्जनशील, सचेत, र जागरुक बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने कुरामा संस्थालाई सम्पूर्ण सफलता मिलोस् । हार्दिक शुभकामना !

प्रधानाध्यापक
तथा समस्त विद्यालय परिवार
कोटेश्वर सरस्वती मा.वि. कोटेश्वर, काठमाडौँ

मोलुङ फाउन्डेसन
कोटेश्वर, काठमाडौं, नेपाल
फोन नं. ०१ ४६००५९१
Email : molungfoundation@gmail.com
Website : www.molung.org.np